जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपरोध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ७८ • २०७९ साल साउन २१ गते शनिवार (6 August, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपामा एकल अध्यक्ष राईलाई उच्च सम्मान, रेणु हटाइए

**टुडे समाचारदाता**

जनकपुरधाम ।जनता समाजवादी पार्टी(जसपा)को पुनर्गठन गरिएको केन्द्रीय समिति र कार्यकारिणी समितिमा व्यापक फेरबदल गरिएको छ।

पार्टीको वीरगञ्जमा असार २९ र ३० गते सम्पन्न केन्द्रीय समितिको म्याण्डेड अनुसार केन्द्रीय समिति र कार्यकारिणी समितिको पुनर्गठन गरिएको छ ।पार्टीको सर्वोच्च निकायको रुपमा संघीय परिषद्लाई स्थापित गर्दै अध्यक्ष अशोक राईलाई वरियता क्रममा सबै भन्दा माथि राखिएको छ।

जसपाको अब एकल अध्यक्ष उपेन्द्र यादव रहेका छन् ।केन्द्रीय समितिलाई पुनर्गठन गर्दै ४ सय ६६ सदस्यीय बनाइएको छ।कार्यकारिणी समितिमा हाल अध्यक्ष समेत २२ जना रहेका छन्।

कार्यकारिणी समितिबाट रेणु यादवलाई हटाइएको छ ।त्यसमा राजकिशोर यादव, रामनरेश यादव र अमृता अग्रहरीलाई भने समावेश गरी २२ जना पुऱ्याइएको छ ।वीरगञ्ज केन्द्रीय समिति बैठकमा राजकिशोर, रामनरेश र अमृता सहभागी भएका थिएनन् ।रेणु यादवले दोस्रो दिन बैठकमा उपस्थित भएर पार्टीको सबै पदबाट राजिनामा दिएको पत्र अध्यक्ष यादवलाई सुम्पेर बाहिरिएकी थिइन् ।तर राजकिशोर, रामनरेश र अमृता तटस्थ रहेका थिए ।उनीहरु बाबुराम भट्टराईको बैठकमा समेत सहभागी भएका थिएनन्।

पार्टीले हालै गठन गरेको १ सय ५३ सदस्यीय राजनीतिक समितिमा समेत रेणु यादवलाई राखिएको छैन् ।उनलाई केन्द्रीय समितिमा भने स्थान दिइएको छ।

वरिष्ठ नेता रहेका राजेन्द्र श्रेष्ठलाई

> **कार्यकारिणी समितिबाट रेणु यादवलाई हटाइएको छ ।त्यसमा राजकिशोर यादव, रामनरेश यादव र अमृता अग्रहरीलाई भने समावेश गरी २२ जना पुऱ्याइएको छ ।वीरगञ्ज केन्द्रीय समिति बैठकमा राजकिशोर, रामनरेश र अमृता सहभागी भएका थिएनन् ।रेणु यादवले दोस्रो दिन बैठकमा उपस्थित भएर पार्टीको सबै पदबाट राजिनामा दिएको पत्र अध्यक्ष यादवलाई सुम्पेर बाहिरिएकी थिइन् ।**

कार्यकारिणी समितिमा राखिएको छ। आगामी निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार चयनका लागि संसदीय बोर्ड गठन गरिएको छ । केन्द्रीय समितिका अध्यक्ष प्रमुख रहने सो बोर्ड १३ सदस्यीय रहेको छ । बोर्डमा प्रदेश १ बाट दिपक याख्खा, मधेश प्रदेशबाट बालकिशोर यादव, हरिनारायण यादव, गोविन्द चौधरी रहेका छन् भने बागमती प्रदेशबाट लालबहादुर तामाङ, लुम्बिनी प्रदेशबाट सहसराम यादव, कर्णाली प्रदेशबाट वीरबहादुर शाही, सुदूरपश्चिमबाट हेमन्त माण्डव्य रहेका छन् । सो बोर्डमा संघीय परिषद्का अध्यक्ष, वरिष्ठ नेता तथा सहअध्यक्ष पदेन सदस्य रहने जनाइएको छ । बोर्डको सदस्यहरुमध्येबाट प्रमुखले तोकेका व्यक्ति बोर्डको सचिव रहने बताइएको छ।

मधेश प्रदेशमा भट्टराईले आश गरेका राजकिशोर यादव, रामनरेश यादव लगायतले साथ छाडेसँगै नेता महेन्द्र यादवलाई समेत कठिनाई भएको छ।

कार्यकारिणी समितिलाई ५३ सदस्यीय राख्ने प्रावधान रहे पनि हाल छेटो नै राखिएको समितिका सदस्य गजाधर यादवले बताए ।संगठनलाई पूर्णतादिँदै नयाँ उर्जाका साथ आगामी चुनाव परिचालन समिति समेत गठन भइसकेको उनले बताए।

# सत्तासीन गठबन्धनमा रहने लोसपाको अझै आश

## पाँच दलीय गठबन्धन प्रतिनिधि र प्रदेश सभाको चुनावमा निरन्तर

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तासीन पाँच दलीय गठबन्धनमा सहभागी हुने लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको आश अझै मरिकसकेको छैन् ।

पाँच दलीय गठबन्धनका शीर्ष नेताहरुको शुक्रवार बसेको बैठकले गठबन्धनलाई प्रतिनिधि र प्रदेश सभाको चुनावमा निरन्तरता दिने निर्णय गरेको छ ।त्यसमा लोसपाका लागि कुनै स्थान राखिएको छैन् ।

पाँच दलीय सत्ता गठबन्धनले आगामी प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गर्ने निर्णय गरेको छ ।पाँच दलीय गठबन्धनले तालमेलका लागि सिट बाँडफाँट गर्न समिति समेत गठन गरेकोछ।

सरकारले विहीबारमात्रै प्रतिनिधि र प्रदेशसभाको निर्वाचन आगामी मंसिर ४ गते गर्ने निर्णय गरेको थियो ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा शुक्रबार गठबन्धनका शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास बालुवाटरमा बसेको थियो।

बैठकले आगामी निर्वाचनमा पाँच दलीय गठबन्धनबीच चुनावी तालमेल गरी अगाडि बढ्ने निर्णय भएको जारी विज्ञप्तिमा उल्लेख गरिएकोछ।

कांग्रेस सभापति देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरी बैठकका निर्णय सार्वजनिक गरेका छन्।

तर लोसपाको आश अझै मरिसकेको छैन् ।सत्तागठबन्धन र विपक्षी दलसित तालमेलगर्ने संभावना जीवित नै रहेको लोसपाका कार्यकारिणी समिति सदस्य जितेन्द्र सोनलले बताए ।'हामी अहिले गठबन्धन कुन पक्षसित गर्ने त्यो निर्णय गरिसकेका छैनौ' उनले भने, तर हामीलाई बढी लाभ हुने पक्षसित तालमेल गर्ने छौ ।अहिले हाम्रो सबै विकल्प खुल्ला रहेको उनले बताए।

> **लोसपाको आश अझै मरिसकेको छैन् ।सत्तागठबन्धन र विपक्षी दलसित तालमेलगर्ने संभावना जिवित नै रहेको लोसपाका कार्यकारिणी समिति सदस्य जितेन्द्र सोनलले बताए ।'हामी अहिले गठबन्धन कुन पक्षसित गर्ने त्यो निर्णय गरिसकेका छैनौं' उनले भने, तर हामीलाई बढी लाभ हुने पक्षसित तालमेल गर्ने छौं ।अहिले हाम्रो सबै बिकल्प खुल्ला रहेको उनले बताए ।**

संगठनात्मक संरचना समेत तयार भैनसकेको अवस्थामा गठबन्धनका लागि शीर्ष नेताहरुले विभिन्न पक्षसित छलफल जारी राखेका छन् ।पछिल्लो समयमा लोसपाले प्रधानमन्त्री देउवासित निकटता बढाएको छ।

प्रतिनिधि सभाको उपसभामुखको चुनावमा एमालेले उम्मेदवारी दिन आग्रह गर्दा त्यसलाई वेवास्ता गर्दै लोसपाले कांग्रेसका उम्मेदवारलाई सघाएको थियो ।प्रधानमन्त्री देउवासित नियमित सम्पर्कमा रहेको लोसपा पाँच दलीय गठबन्धनसित मिलेर नै चुनावमा जाने प्रयासलाई जारी राखेको छ।

सत्तामा साझेदारीको संभावना पनि जीवित नै रहेको नेता सोनलले बताए।'चुनाव घोषणा भएपनि प्रधानमन्त्रीले चाहेको बेला मन्त्रिपरिषद् पुनर्गठन गर्न सक्नु हुन्छ' उनले भने, हामी चाँडै त्यसबारेमा निर्णय लिने छौ।

एमालेसितको गठबन्धन हुने मार्ग पनि खुल्ला रहेको उल्लेख गर्दै सोनलले भने, चुनाव र संगठनको कार्य तीब्रगतिमा अगाडि बढनेछ।

सत्तासीन गठबन्धनमा लोसपाको सहभागिताले मधेशको सिट समीकरण बिग्रने संभावना छ ।खासगरी मधेश प्रदेशको प्रतिनिधि सभा सिटमा लोसपा, जसपा र कांग्रेसमा सिटको बाँडफाँट गर्न सहज हुने छैन् ।स्थानीय तहको निर्वाचनमा गठबन्धन दलहरुबीच भएको भन्दा बढी घात प्रतिनिधि सभाको चुनावमा हुने देखिन्छ।

पाँच दलीय गठबन्धनमा समावेश हुन नसके लोसपाले जनमत पार्टीसित मिलेर नेकपा एमालेसँग तालमेल गर्ने बाध्यता हुनेछ ।तर त्यस पक्षमा लोसपाका नेताहरु तयार छैनन् ।सोमवार पार्टी कार्यकारिणी समितिको बैठक बोलाइएको छ।

लोसपा जस्तै बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी(नेसपा)पनि सत्तासीन गठबन्धनमा छिर्ने दाउमा छ ।सत्तासीन गठबन्धनमा लोसपा र नेसपालाई सहभागी बनाइए जसपा त्यसबाट अलग्गिन सक्ने संभावना पनि बलियो छ ।उच्चस्रोतहरुका अनुसार लोसपालाई सहभागी गराउन विभिन्न दबाबहरु रहे पनि नेसपालाई वास्ता गरिएको छैन् ।भट्टराई नेतृत्वमा पूर्व मन्त्री महेन्द्र राय यादवसहितका नेताहरु जसपाबाट अलग्गिएर नेसपा हालै गठन गरेका छन्।

## सप्तरीमा जसपा अध्यक्ष यादवले जितेको क्षेत्रबाट राउतको दाबेदारी





**टुडे समाचारदाता**

राजविराज ।प्रतिनिधि र प्रदेश सभाको चुनाव घोषणा भएसँगै सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा चुनावी सरगर्मी बढेको छ।

पछिल्लो प्रतिनिधि सभाको चुनावमा जनता समाजवादी पार्टी( जसपा)का अध्यक्ष उपेन्द्र यादवले जितेको सो क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष डा.सी.के. राउतले उम्मेदवारी घोषणा गरेका छन् । जसपा अध्यक्ष यादव र जनमत अध्यक्ष राउत दुबै नेता महादेवा गाउँपालिकाको वडा नम्बर २ का मतदाता हुन् ।सो वडामा जनमत पार्टीले सबै सिट जितेको छ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ मा महादेवा गाउँपालिकाका राजविराज नगरपालिका, छिन्नमस्ता गाउँपालिका र तिलाठीकोइलाडी गाउँपालिका गरी ४ पालिका छन्।

हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा उक्त क्षेत्रमा पर्ने ४ पालिका मध्ये २ पालिकामा लोसपा र १/१ पालिकामा कांग्रेस र जसपाले जित हात पारेको छ।

जनमत पार्टीका अध्यक्ष राउतले शुक्रवार संचारकर्मीसितको भेटमा भने -'अघिल्लो दिन जनकपुरमा बसेको बैठकले आफूलाई सप्तरीको क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाको चुनाव लड्न सुझाएको छ।' 'पार्टीका नेता र कार्यकर्ताको सुझावलाई शिरोधार्य गर्दै सोही क्षेत्रबाट चुनाव लड्ने निर्णयमा पुगेको छु' राउतले भने, यद्यपि यस बारे पार्टीको तर्फबाट आधिकारीक घोषणा हुन बाँकी छ।

तर जसपा अध्यक्ष यादवले आफू पुनः सोही क्षेत्रबाट लड्ने वा अन्य क्षेत्रबाट लडने भन्ने अहिले टुङ्गो लागी नसकेको बताएका छन् । आफूलाई यस पल्ट सप्तरीको उक्त क्षेत्रका साथै मोरंग, सुनसरी, बारा, पर्सा र धनुषा लगायतका क्षेत्रबाट समेत चुनाव लड्न नेता कार्यकर्ताहरुले निकै दबाब आउन थालेको यादवले बताएका छन् । 'सप्तरीबाटै पुनः चुनाव लडने इच्छा त छ तर अन्य जिल्लाहरुबाट पनि उतिकै अफर आइरहेको छ' उनले भने , आफ्नो निर्वाचन क्षेत्रका जनता तथा पार्टीको उच्चतहमा समेत यसबारे छलफल थालेको र उचित समयमा अन्तिम निर्णय लिने छु।




भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म

प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



## मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शन




टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय अगाडि चुरे तथा वन जंगल संरक्षण समितिले प्रदर्शन गरेको छ । शुक्रबार चुरे बचाउन र भूमिहीन सुकुम्वासीलाई जग्गा व्यवस्थापन गर्न माग गर्दै प्रदर्शन गरिएको हो ।

प्रदर्शनमा सहभागीहरुले साडी-चुरा, पेटीकोट लगायतको सामग्री मधेश भवनमा फालेर प्रदर्शन गर्ने कार्यक्रम राखेको थियो । प्रहरीले हस्तपक्षेप गरेपछि उनीहरु सडकमै फालेर मधेश प्रदेश सरकार विरुद्ध प्रदर्शन गरेका थिए । उनीहरु दुई सातादेखि नियमित सरकार विरुद्ध प्रदर्शन गर्दै आइरहेका छन् । जनक चोकस्थित रिले अनसन पनि जारी छ । गएको मंगलबार उनीहरु मुख्यमन्त्री कार्यालय अगाडि सडकमै सुतेर प्रदर्शन गरेका थिए ।

सरकारले माग पुरा नगरे अभियानले साउन २२ गते बच्चा आन्दोलनको घोषणा गरेको छ । भूमिहीन सुकुम्वासीको बालबालिकाको भविष्य अन्धकारमा रहेको कुरा सरकारले नबुझेको संज्ञा दिन सो जुलुस गर्न लागिएको छ । विगतमा मधेश प्रदेश सरकारले गरेको सम्झौता कार्यान्वयन नगरेको भन्दै अभियानीहरुले चरणवद्ध कार्यक्रम गर्दै आएका छन् ।

## इप्रका गरुडामा एक वर्षमा २५२ वटा मुद्दा दर्ता

टुडे समाचारदाता

गरुडा । रौतहटको इलाका प्रहरी कार्यालय गरुडाले गएको एक वर्षको अवधिमा २ सय ५२ वटा मुद्दा दर्ता गरेको छ ।

दर्ता भएका ती मुद्दाहरु आवश्यक कारवाहीकालागि जिल्ला अदालत गौर पठाइएकोमा १ सय ५५ वटा मुद्दा फर्छौट भइसकेको र ९७ वटा मुद्दा अझै फर्छौट हुन बाँकी रहेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा १ सय ९४ वटा मुद्दा दर्ता भएकोमा आर्थिक वर्ष २०७७/०७८ मा २ सय ५५ र आ.व २०७८/०७९ मा २ सय ५२ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको हो ।

एक वर्षमा विभिन्न घटनामा संलग्न २ सय ९३ जनामाथि मुद्दा चलाइएकोमा १ सय ७९ जना प्रतिवादी पक्राउ परिसकेको र १ सय १४ जना अझै फरार नै रहेको गरुडाका प्रहरी नायव उपरीक्षक डिएसपी बरुण बहादुर सिंहले जानकारी दिएका छन् ।

अभद्र व्यवहार सम्बन्धी ९५ वटा, हत्या आरोप सम्बन्धी ३९, सवारी ज्यान सम्बन्धी १०, चोरी सम्बन्धी कसुरमा २२ वटा, डाँका सम्बन्धी १, ठगी सम्बन्धी २, कुटपिट सम्बन्धी ४, बहु विवाह सम्बन्धी २, जबरजस्ती करणी सम्बन्धी १६, कर्तव्य ज्यान सम्बन्धी ३, ज्यान मार्ने उद्योग सम्बन्धी ७, लागू औषध सम्बन्धी ५, अपहरण तथा शरीर बन्धक, बिष सेवन लगाएत विभिन्न कसुर अन्तर्गत मुद्दा दर्ता गरिएको डिएसपी सिंहले बताए ।

गाउँ समाजमा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न आफूले कुनै कसर बाँकी नराखेको डिएसपी सिंहले बताए ।

नागरिकको जिउ धनको सुरक्षाका लागि आफूहरु अहोरात्र खटिरहेकोले सुरक्षाका कारण कसैलाई डराउनु नपर्ने समेत उनले बताए ।

उनले भने शान्ति सुरक्षाको पछिल्लो अवस्था अत्यन्तै ठिक छ । नागरिकहरुले जुन ढंगले शन्ति सुरक्षा महशुस गरिरहेका छन् त्यो एक दम विश्वशनीय छ ।

उनले अघि भने प्रहरीको जन्मजात एउटै दृष्टिकोण हो, त्यो के हो भने नागरिकको शान्ति सुरक्षा कायम गर्ने प्रमुख जिम्मेवारी हो । शान्ति सुरक्षामा असर पुऱ्याउने, गैरकानुनी गतिविधि गर्ने जो कोहीलाई पनि प्रहरीले कानुको दायरामा ल्याउँछ चाहे त्यो हिंसात्मक क्रियाकलाप गर्ने होस् वा ध्वांसात्मक क्रियाकलाप गर्ने होस उनले भने ।

## बागमती नदीमा कटान नियंत्रणको लागि बनाइएको स्पर बगाइयो

टुडे समाचारदाता

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नंबर ६ स्थित बागमती नदीमा हुन सकिने सम्भावित कटानलाई रोक्ने उद्देश्यले बोरामा बलुवा हालेर बनाइएको अस्थायी स्पर बगाइएको छ ।

पहाड़ी भेगमा भएको बर्षाको कारण नदीमा आएको बाढ़ीले राजदेवी नगरपालिका वड़ा नम्बर ६ र वड़ा नम्बर ९ को बीचमा रहेको १ नम्बर स्पर नजिक आसार महिनामा बनाइएको स्पर र गरिएको बासको पाइलिंग समेत क्षतिग्रस्त भएको छ ।




राजदेवी नगरपालिकाले विपद् व्यवस्थापन कोषको रकम तथा जलस्रोत सिचाई डिभिजन कार्यालय र बागमती लालबकैया नदी नियन्त्रण आयोजना परमानीपुरले उपलब्ध गराएको जाली, बोरा बासको सहयोगमा बनाइएको स्पर बाढ़ीले बगाएको राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी प्रसाद यादवले जानकारी दिएका छन् ।

सो ठाउँमा नदीले कटान समेत गर्न थालेको हुँदा नजिकै रहेको बांध जोखिममा पर्न सकिने खतरा उत्पन्न भएको उनले बताए । कटान हुदै गरेको ठाउँ देखि बांधको दूरी २० देखि २५ मीटर रहेको अनुमान गरिएको छ । समयमा नियन्त्रण गर्न सकिएन भने मूलधार परिवर्तन हुन सकिने ख़तरा रहेको छ ।

उत्तर तरफ बाट दक्षिण तीर बग्ने नदीको पानीको दवाव सीधा बांध तीर रहेको देखिएको छ । कटान गरिएको स्परलाइ मरमत गर्ने कार्य जारी रहेको समेत नगर प्रमुख यादवले जानकारी दिए । यादवका अनुसार सो ठाउँमा नयाँ ६ वटा स्पर बनाइएको थियो ।

बागमती नदीले शुरू गरेको कटानले ब्रह्मपुरी , लक्ष्मीपुर बेलविच्छबा बढ़ी जोखिममा पर्न सकिने सम्भावना रहेको छ । नदीमा पानीको सतह कम भएपछि कटान हुन थालेको स्थानियहरुले जनाएको छ ।

बांधमा खतरा रहेको जानकारी हुन साथ प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाही सहितका सुरक्षा निकायका प्रमुखहरुले स्थलगत निरीक्षण समेत गरेका छन् ।

निरीक्षण गर्न पुगेका शाहीले उच्च जोखिम रहेकोले नियंत्रण गर्न अति आवश्यक भएको जोड़ दिए । उनले नदी नियंत्रण कार्यालयका डीई लाइ निर्माण सामग्रीको तत्काल व्यवस्थापन गर्न निर्देशन समेत दिए ।

बलुवा ,बोरा , जाली र बासको छिटै व्यवस्थापन गरेर स्पर तथा पाइलिंग समेत गर्नु पर्ने बताउँदै यसको लागि सुरक्षाकर्मीहरु परिचालन गर्ने बताए । बाढीको जोखिम भाद्र १५ सम्म बढ़ी हुने भएकोले समयमा नै नियंत्रणको उपाए अपनाउनु पर्ने जरुरी रहेको छ ।

## तीनै तहको सरकारले उद्योगमैत्री वातावरण सिर्जना गर्नुपर्छ : मन्त्री महतो

रञ्जन यादब

बारा । मधेश प्रदेश सरकारका उद्योग पर्यटन तथा वातावरण मन्त्री शत्रुधन महतोले तीनै तहको सरकारले उद्योगमैत्री वातावरण सिर्जना गर्नमा महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिएका छन् । जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघको पाँचौं स्थापना दिवसको अवसरमा सिमरामा आयोजित कार्यक्रममा बोल्दै मन्त्री महतोले उद्योग स्थापना र सञ्चालन तीनै तहको सरकारसँग सम्बन्धित रहेकाले गम्भीर हुनुपर्ने आवश्यक्ता औल्याए ।

प्रदेश सरकारले वीरगञ्जमा उद्योग विभाग र पर्यटन बिकास कार्यालय खोल्न लागेको जानकारी दिए । मन्त्री स्तरीय निर्णयबाट वीरगञ्जमा यी कार्यालयहरु स्थापना हुन लागेको बताए । एक हप्ता भित्रमै कार्यालय स्थापना गरी दर्ता देखि नबीकरणसम्मको प्रक्रियाका कार्यहरु सञ्चालन गर्ने सुनाए ।




मन्त्री महतोले वीरगञ्ज देखि ठोरीसम्मको क्षेत्रलाई औद्योगिक करिडोरको विषयमा छलफल भइरहेका बताए ।

जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले उद्योग ऐन अनुसार उद्योगहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत उद्योगहरुले आर्जन गरेको नाफाको एक प्रतिशत भाग सामाजिक कार्यमा खर्च गर्नुपर्ने बताए । एक प्रतिशत भागको कम्तीमा ५० प्रतिशत भाग सम्बन्धीत स्थानीय तहमा खर्च गरेर कानूनको पालना गर्न तर्फ उद्योगी ,ब्यवसायीहरुको ध्यानाकर्षण गराए । उनले उद्योगहरुलाई आफ्नो धर्म निर्वाह गरी व्यवसाय दर्ता देखि नक्सापास सम्बन्धी कार्यहरु गर्न आह्वान गरे ।

## स्रोत नखुलेको ४९ लाखसहित पक्राउ

काठमाण्डु । क्यानडा पठाइदिन्छु भन्दै रु ७ लाख ठगी गरेको अभियोगमा सिन्धुपाल्चोक बाह्रबिसेका ४७ वर्षीया छिरिङ डोमा शेर्पालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

क्यानडामा दुई लाख बढी तलब हुन्छ भनी प्रलोभनमा पारेर एक व्यक्तिको रु ७ लाख लिई सम्पर्कविहीन भएको भन्ने जाहेरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खोजतलासमा खटिएको टोलीले गोकर्णेश्वरको अत्तरखेलबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाण्डुमा पठाइएको छ ।

यसैबीच भारतबाट भन्सार छलि ल्याएको विभिन्न कम्पनीको मोबाइलसहित काठमाडौँ गौशाला बस्ने भारतको पञ्जावस्थित जालन्धर घर भएका ३५ वर्षीय सन्दीप अहुजालाई आज प्रहरीले पक्राउ गरेको छ ।

उनको साथबाट गौशालास्थित होटेल कल्चर इनको कोठा नम्बर २०३ मा भन्सार छलेर ल्याइएको १२ थान मोबाइल बरामद गरिएको छ ।

त्यसैगरी बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौँ महानगरपालिका-१६ बालाजु बस्ने बागलुङका ४६ वर्षीय जायश्वर घिमिरेलाई पनि शुक्रबार प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत पाटनको गत असार २८ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा चार दिन कैद र रु १४ लाख जरिवानाको सजाय ठहर गरेको थियो ।

त्यसपछि फरार रहेका उनलाई केन्द्रिय अनुसन्धान व्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले लैनचौरबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

## बलात्कारको घटना ढाकछोप

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा एकै दिन दुई बालिका बलात्कृत भएकी छन् । दुबै घटनाको जाहेरी जिल्ला प्रहरी कार्यालय धनुषा र उनको मातहतको कार्यालयमा शुक्रबार दर्ता भएको छ ।

शहीदनगर नगरपालिका र मुखियापट्टी मुसरनियाँ गाउँपालिकामा गरी विहीबार दुई बालिका बलात्कृत भएकी छन् । तर सो विषयमा प्रहरीले कुनै विवरण दिन मानेको छैन । घटनाको विषयमा जानकारी लिन खोज्दा धनुषाका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रदीप बहादुर क्षेत्रीले यस्ता समाचार नलेख्न आग्रह गरे । पछि गोपनियतालाई ख्याल गरी घटना बारे विवरण माग्दा जिल्लामा नाम किटान नगरी जाहेरी आएको र सम्भव भए आइतबार सम्म उपलब्ध गराउन सकिने प्रतिक्रिया दिए ।

प्रहरीले यी दुबै घटना आर्थिक लेनदेन गरी ढाकछोप गरिरहेको पीडितहरुको भनाइ छ । यसयघि प्रहरीले सिन्धुलीकी राधिका कार्कीको घटनामा पनि ढाकछोप गरेको आरोप लागेको थियो । प्रहरी समक्ष राधिकाले आरोपितको नाम किटान गरी बयान दिएपनि किटानी जाहेरी दर्ता गरिएको थिएनन् । प्रतिवादीसँग रकमी चलखेल गरी यस्ता कयौं घटना प्रहरीले लुकाउने गरेको बताइएको छ । 'सुरुमा प्रहरीले आरोपित पक्षसँग बिचौलियामार्फत बार्गेनिंग गर्ने गरेको छ । त्यहाँ कुरा नमिलेपछि मात्रै जाहेरीको प्रकृया अगाडि बढ्छ । कतिपय घटनामा लेनदेन गरी प्रहरीले नै फाइल पनि कमजोर बनाउने गरेको पीडितहरुको गुनासो छ ।

शहीदनगर नगरपालिका वडा नम्ब ३ होटल रोयल एण्ड फैमिली रेस्टुरेन्टमा विहीबार राति १४ वर्षीया किशोरीलाई २२ बर्षीय युवकले बलात्कार गरेको आरोप छ । घटनाको विषयमा इलाका प्रहरी कार्यालय यदुकोहाले मुचुल्का गरिसकेको छ । बालिकाको स्वास्थ्य परीक्षण पनि भइसकेको छ । होटलमा सिसिटिभी क्यामरा जडान गरिएको छ । यद्यपि, प्रहरी पुग्दा सो सिसिटिभी क्यामरा बिग्रेर राखिएको भनेर होटल सञ्चालक सरोज पूर्वेले बताएका छन् ।

यस्तै मुखियापट्टीमा पनि एक बालिका विहीबारको राति नै बलात्कृत भएकी थिइन् । शुक्रबार यी घटनाको पनि जाहेरी दर्ता भइसकेको छ । उनको घटनामा अनुसन्धानको लागि एक जना आरोपि पक्राउ पनि परेको छ । तर प्रहरीले घटना बारे कुनै जानकारी दिन मानेको छैन् ।

## थप ९१२ मा कोरोना संक्रमण पुष्टि, एकको मृत्यु

काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा ९ सय १२ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । यस अवधिमा कोभिड सङ्क्रमणबाट एक जनाको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा छ हजार चार सय ९१ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार नौ सय ४१ जनाले पिसिआर र तीन हजार पाँच सय ५० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा तीन सय ७० जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ७१ हजार छ सय २० पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको संख्या पाँच हजार सात सय ६० रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ७० पुगेको छ । होम आइसोलेशनमा पाँच हजार पाँच सय ८७, संस्थागत आइसोलेसन एक सय ७३, आइसियूमा ४२ र भेन्टिलेटरमा दुई जना सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाण्डु र ललितपुर रहेका छन् भने तथा दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा कास्की र मोरङ छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, हुम्ला र बाजुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाण्डुमा तीन हजार एक सय ६९, ललितपुरमा सात सय ४५ र भक्तपुरमा ९४ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

## ज्वेलरी पसलको सटर फुटाएर चोरी गर्ने दुई जना पक्राउ

टुडे समाचारदाता

राजविराज । सप्तरीको बादेबरसाईन नगरपालिकाको व्यस्त बजारमा रहेको रुपेश ज्वेलर्स पसलको सटर फोडेर सुन चाँदीको गरगहना चोरी गरी फरार रहेका दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको खडक नगरपालिका ५ बस्ने १९ वर्षीय उपेन्द्र मण्डल र २४ वर्षीय जयराम मण्डल रहेका छन् । उनीहरुको साथबाट उक्त पसलबाट चोरी भएको सुन चाँदीका गरगहाना समेत बरामद भएको प्रहरीले जनाएको छ । बरामद भएका सामग्रीहरुमा सुनको औठी एक, तिलहरी एक, फुली एक र चाँदीका पाउजु ११ जोड, बिच्छि १३, ब्रासलेट ६, राखी ६, पोते जडान ३ र एक हजार ८ सय ५० रुँपैया नगद रहेका छन् ।



राजविराज ८ स्थित टेम्पो स्टेन्डबाट बिहीबार साँझ चोरीका सामानसहित पक्राउ परेका उनीहरुलाई शुक्रबार सप्तरी जिल्ला अदालतबाट चोरी कसुर मुद्दामा अनुसन्धानका लागि म्याद थप गराइएको प्रहरी उपरीक्षक अविनारायण काफ्लेले जानकारी दिए ।

ज्वेलरी पसलका संचालक राजेश कुमार मिझारका अनुसार बुधबार मध्य रात चोरले सटरको ताल्चा फुटाई उक्त गरगहनाहरु चोरी गरेर लगेका थिए ।

एका बिहान पसल पुग्दा चोरी भएको थाहा पाएका उनले तत्कालै प्रहरीलाई खबर गरेपछि इलाका प्रहरी कार्यालय कडोरबोना र इलाका प्रहरी कार्यालय बादेबरसाइनबाट खटेको संयुक्त प्रहरीको टोलीले खोजतलासका क्रममा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाढीको जोखिमा रहेको मेलम्ची १० र ११ जोडने इन्द्रावती खोलामा रहेको झोलुङ्गे पुल । *तस्बिर : रासस*

# खेलकुदको विकास गर्न पछि हट्दिन् : मेयर यादव

जनकपुरधाम । क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवले नगरमा खेलकुदको विकास गर्न पछि नहट्ने प्रतिबद्धता जनाएका छन् । शुक्रबार धनुषाको महेन्द्रनगरमा छाँया केदार ब्याडमिन्टन खेलकुद क्लबको दोश्रो साधारण सभामा उनले खेलकुदले मानिसलाई सधै जवान बनाइ राख्न मद्दत गर्ने बताए ।

मेयर यादवले खेलकुदलाई शिलाजितको संज्ञा दिँदै भने,'जसरी मानिसलाई शिलाजितको सेवनले सधैं उर्जा प्रदान गर्ने गर्छ त्यसैगरी नियमित खेलकुदले मानिसलाई स्वस्थ बनाइ चाडै बुढो हुनबाट बचाउँछ ।' नगर प्रमुख यादवले नगरपालिकाबाट कभर्ड हल निर्माणको लागि आवश्यक सहयोग प्रदान गर्ने प्रतिवद्धता समेत व्यक्त गरे ।

त्यस्तै कार्यक्रममा विशिष्ठ अतिथीको रुपमा सहभागी भएका नेपाली कांग्रेसका सभापति योगेन्द्र पजियार क्लबको निर्माण गर्न लागेको कभर्ड हल आफू मेयर भएको बेला नै उद्घाटन गरिएको उनले निर्माणको लागि चाहिने अपूग रकम लगायतका सहयोग जुटाउन आफू प्रतिबद्ध रहेको जनाए ।

उनले यस जिल्ला कै नमुना कभर्ड हलको रुपमा निर्माण भइरहेको यसलाई पूर्णता दिन विभिन्न निकाय तथा स्थानीय र प्रदेश सरकारबाट समेत श्रोत जुटाउन हरसम्भव प्रयास गर्ने प्रतिबद्धता जनाए ।

सभापति पजियारले कभर्ड हल निर्माण गर्न जग्गा उपलब्ध गराएको जग्गादाता शम्भु घिमिरेलाई समाजको लागि गरेको यस योगदानलाई नगरबासीले सधै सम्झिरहने बताए । धन भएर पनि मन हुने धेरै कम भेटिने यस समाजमा दानबीर घिमिरे उदाहरण बनेका छन् । क्षीरेश्वरनाथ नगरपालिका-७ निवासी घिमिरेले कभर्ड हल निर्माण गर्नका लागि आफ्ना आमाबुवाको नाममा लाखौं रुपैयाँ पर्ने जग्गा दान गरेर यस नगरको काम गरेका छन् ।

जग्गादाता घिमिरेले भने,'मरि लानु के छ र, बुवाआमाले हाम्राका लागि थुप्रै अर्जि दिनु भएको छ, म उनीहरुको कान्छो छोरा उनीहरुको नाममा 'छाँयाकेदार ब्याडमिन्टन खेलकुद क्लब' को स्थापना गरेर इतिहासको पानामा सदैव वर्णित होस् भन्ने उद्देश्यले १ कठ्ठा ५ धुर जग्गा उपलब्ध गराएको हुँ।'

त्यसैगरी दानबिर घिमिरेले शुक्रबार नै आफ्नो परिवार (श्रीमान-श्रीमति) को नाममा जेष्ठ नागरीक मिलन केन्द्र स्थापना गर्नको लागि समेत कभर्ड हल वरिपरि नै आवश्यक्ता अनुसारको जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । उनले यस समाजका बृद्ध आमाबुवालाई उचित देखरेख तथा संरक्षणको लागि यस क्लवकै नेतृत्वमा यस जेष्ठ नागरीक मिलन केन्द्रको पनि लागि भवन निर्माण गर्ने साथीहरुको सल्लाह भएपछि आफूले पुनः त्यस पवित्र कार्यको लागि आवश्यक्ता अनुसारको पुग्ने जति जग्गादान गर्ने बचन दिएको बताए ।

क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ७ कुचाई टोलमा निर्माणाधिन अवस्थामा रहेको कभर्ड हलको प्राङ्गनमा आयोजित साधारण सभा क्लबका अध्यक्ष विरेन्द्र प्रसाद जयसवालको अध्यक्षता र क्षीरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादवको प्रमुख आतिथीत्यतामा सम्पन्न भएको थियो । क्लबका सदस्य भरत यादवको स्वागतमन्तव्यबाट सुरु भएको सभामा क्लबको प्रगति प्रतिवेदन समेत यादवले नै प्रस्तुत गरेका थिए ।

कुल एक करोड ३८ लाखको लागत निर्माण गरिन लागे अत्याधुनिक कभर्ड हलको लगभग ६० प्रतिशत कार्य सम्पन्न भइसकेको छ । जसमा मधेस प्रदेश सरकारको महिला,बालबालिका,युवा तथा खेलकुद मन्त्रालयले दुई किस्ता गरेर ७५ लाख रुपैयाँ सहयोग गरेका छन् भने अन्यदाता तथा क्लवका आजिवन सदस्यता वापतको शुल्कबाट संकलन भएको ६ लाख गरि करिब ८१ लाख रुपैयाँको खर्च भइसकेको क्लवका सदस्य भरत यादवले जनाए । उनले प्रदेश र स्थानीय सरकारको सहयोगमा यहि असोज मसान्त सम्म निर्माण सम्पन्न गर्ने तयारी रहेको जानकारी दिए ।

कार्यक्रममा क्षीरेश्वरनाथ नगरपालिकावडानम्बर७कावडाअध्यक्ष मुवारक कवाडी, वडा ९ का अवध किशोर यादव, समाजसेवी ईश्वरी अधिकारी, क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश प्रसाद यादव, उपाध्यक्ष विनय साह, महासचिव दिपक साह, दर्शनिया रामेश्वर सिंह कुशवाहा एकेडेमिका संस्थापक प्रिन्सिपल जगदिस प्रसाद सिंह, गंगोत्री बोडिङ्ग स्कुलका संस्थापक प्रिन्सिपल गणेश साह, नेकपा एमालेका नेता राजु गुप्ता , श्रीकृष्ण यादव लगायतको उपस्थिती रहेको थियो ।

कार्यक्रममा उपस्थित अतिथीहरुलाई सम्मान र खेलाडीहरुलाई खेलकुद सामग्री वितरण गर्दै दोस्रो कार्यकालको लागि पुरानै कार्यसमितिलाई निरन्तरता दिएको क्लवका कोषाअध्यक्ष बैकुण्ठ प्रसाद काफलेले जानकारी दिए ।

# बागमती प्रदेशमा ८८ प्रतिशत धान रोपाइँ



वाग्मती । केही दिनदेखि परेको लगातार वर्षाका कारणले बागमती प्रदेशमा हालसम्म ८८ प्रतिशत धान रोपाइँ कार्य सकिएको बागमती प्रदेशको कृषि विकास निर्देशनालयको कार्यालय हेटौँडाले जनाएको छ ।

भौगौलिक विकटता र सिँचाइको अभाव रहेको बागमती प्रदेशमा धानखेतीका लागि आकाशको पानीका भरमा खेती गर्नु परेकाले धान खेतीमा समस्या रहेको बताइएको छ । साथै किसानलाई मलको पनि समस्या रहेको गुनासो पाइएको छ ।

बागमती प्रदेशको १३ जिल्लामा कूल एक लाख २० हजार पाँच सय ६९ हेक्टर जमिनमा धानखेती हुँदै आएको छ । तर अहिलेसम्म बागमती प्रदेशमा करिब एक लाख छ हजार हेक्टर जमिनमा धानखेतीका लागि रोपाइँ सकिएको सो कार्यालयले जनाएको छ ।

कार्यालयबाट प्राप्त विवरणअनुसार मकवानपुर जिल्लामा ११ हजार हेक्टर जमिनमध्ये आठ हजार ९०० हेक्टर जमिनमा, चितवन जिल्लामा धानखेती हुने २२ हजार नौ सय ७७ हेक्टर जमिनमध्ये २० हजार ७०० हेक्टर जमिनमा धानखेती, नुवाकोटमा १४ हजार दुई सय ८३ हेक्टर जमिनमध्ये १२ हजार २०० हेक्टर जमिनमा धान रोपाइँ कार्य सकिएको बताइएको छ ।

त्यस्तै काभ्रेपलाञ्चोकमा नौ हजार हेक्टर जमिनमध्ये आठ हजार तीन सय हेक्टरमा, सिन्धुपाल्चोकमा आठ हजार ५०० खेती जमिनमध्ये आठ हजार २०० हेक्टरमा, रामेछापमा आठ हजार आठ सय ९३ हेक्टर जमिनमध्ये पाँच हजार तीन सय हेक्टर जमिनमा, दोलखामा दुई हजार नौ सय २८ हेक्टर जमिनमध्ये दुई हजार चार सय ५० हेक्टर जमिनमा, सिन्धुलीमा १५ हजार चार सय २३ हेक्टर जमिनमध्ये १३ हजार चार सय १८ हेक्टर जमिनमा तथा धादिङमा ११ हजार एक सय ५९ हेक्टर जमिनमध्ये नौ हजार पाँच सय हेक्टर जमिनमा धान रोपाइँ सकिएको सो कार्यालयले जनाएको छ ।

ललितपुरको चार हजार एक सय ७५ हेक्टर, भक्तपुरको तीन हजार नौ सय २५ हेक्टर तथा काठमाण्डुको पाँच हजार नौ सय २५ हेक्टर जमिनमा धानखेतीका लागि रोपाइँ सकिएको कार्यालयकाबाट जानकारी दिइएको छ । उक्त तीन जिल्लामा शतप्रतिशत रोपाइँ भइसकेको छ ।रासस

# हात्तीको आक्रमणबाट महिलाको मृत्यु

चितवन । पश्चिम चितवनमा जङ्गली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-६ देवनगर बस्ने ५१ वर्षीया माया विक रहेको चितवन राष्ट्रिय निकुञ्जले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार स्थानीय दक्षिणकाली सामुदायिक वनमा घाँस काट्न गएकी विकलाई आज दिउँसो १२:३० बजे हात्तीले आक्रमण गरेपछि उहाँको मृत्यु भएको थियो ।

घटनास्थलतर्फ निकुञ्जर र प्रहरीको टोली खटिएको सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो ।रासस

# पैँतीस दिनभित्र जन्मदर्ता हुने बालबालिका छ प्रतिशतमात्र

काठमाण्डु । जन्मेको ३५ दिनभित्र छ प्रतिशत बालबालिकाको मात्र जन्मदर्ता हुने गरेको छ । दिगो विकास लक्ष्यका विषयमा नेपाल पिपल्स फोरममा शुक्रबार भएको छलफल कार्यक्रममा गृह मन्त्रालयका उपसचिव विनिता भट्टराईले ३५ दिनदेखि पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता भने ७७ प्रतिशत हुने गरेको जानकारी दिनुभयो ।

व्यक्तिगत पहिचानका प्रमाणपत्र बनाउन जन्मदर्ता अनिवार्य गरिएको जानकारी पनि उहाँले कार्यक्रममा गराउनुभयो । संविधानको धारा ३९ मा बालबालिका जन्मेको ३५ दिनभित्र निःशुल्क जन्मदर्ता हुने व्यवस्था छ । ३५ दिनपछि भने जन्मदर्ताका लागि शुल्क लाग्छ । व्यक्ति पहिचानका लागि अहिले नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रको व्यवस्था छ । राष्ट्रिय परिचयपत्र पूर्णरुपमा कार्यान्वयनमा आएपछि भने अन्य पहिचानका प्रमाणपत्र आवश्यक नपर्ने उपसचिव भट्टराईको भनाइ छ ।

बाराका रुपनारायण यादवले जन्मदर्ताका लागि जिल्लाका स्थानीय तहले रु ७०० भन्दा शुल्क लिने गरेको गुनासो गर्नुभयो । राष्ट्रिय योजना आयोगका सदस्य सलोनी प्रधान सिंहले डिजिटल प्रविधिबाट राष्ट्रिय परिचयपत्र माग गरेको तीन महिना पूरा हुँदा आफैँले पाउन नसकेको बताउनुभयो ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक महासङ्घका उपाध्यक्ष भूमिका श्रेष्ठले लिङ्गको पहिचानका आधारमा नागरिकता पाउने अधिकार संविधानको धारा १२ मा उल्लेख गरिए पनि व्यवहारमा कार्यान्वयन नभएको गुनासो गर्नुभयो । कानून व्यवसायी रामप्रसाद गौतमले दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म सबै नागरिकको पहिचान स्थापित गर्ने कागजातका लागि सरोकार भएका निकायका बीच सहकार्य हुनुपर्नेमा जोड दिनुभयो ।

धनुषाका नागरिकता पीडित इन्द्रजीत सादीले नागरिकता विधेयक दुवै सदनबाट पारित भएको लामो समयसम्म पनि प्रमाणीकरण हुन नसक्दा नागरिकता पीडित अझै समस्या परेको बताउनुभयो ।

महिला, कानून र विकास मञ्च, फ्रिडम फोरम, सामुदायिक सारथीलगायत नागरिक अधिकारका लागि काम गर्ने करिब तीन दर्जन सामुदायिक संस्थाको आयोजनामा नेपाल पिपल्स फोरम बिहीबारदेखि राजधानी सुरु भएको हो । फोरममा देशको विभिन्न भागबाट आएका नागरिक अधिकारकर्मीले सेवाग्राहीलाई परेका कठिनाइका बारेमा आवाज बुलन्द गरेका छन् ।रासस

# भक्तपुरमा १५ हजार मतदाता थपिए

भक्तपुर । भक्तपुरमा १८ वर्ष उमेर पुगेका मतदान गर्न अधिकार प्राप्त १४ हजार नौ सय ९६ मतदाता थपिएका छन् ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरले गत असार १ गतेदेखि यही साउन १९ गतेसम्म गरेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक अभियानमा विभिन्न बाह्य जिल्लाबाट आएका र भक्तपुरका स्थायी बासिन्दा गरी सो संख्यामा मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नरेन्द्रप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

बसाइसराइ तथा ठाउँ सारी गर्ने मतदाता एक हजार नौ छन् । प्रमुख न्यौपानेले बाहिर जिल्लाबाट बसाइ सरेर भक्तपुर बस्दै आएका नयाँ पाँच हजार ७७९ पुरुष र चार हजार ७०८ महिलाले भक्तपुरबाट फोटोसहितको मतदाता परिचयपत्रका लागि नाम दर्ता गराएको जानकारी दिनुभयो । नयाँ मतदातामध्ये दुई हजार आठ सय नौ पुरुष र एक हजार सात सय महिलाले फोटोसहितको मतदाता परिचयपत्रमा नाम दर्ता गराएको उहाँले बताउनुभयो । मतदाता नामावली अद्यावधिक गर्ने क्रममा तीन हजार आठ महिला र दुई हजार नौ सय ७० पुरुषको त्रुटि सच्याइएको कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिनुभयो ।

आगामी मङ्सिर ४ गते सङ्घीय र प्रदेशसभाको निर्वाचनको मिति घोषणा गरिसकेकाले आजसम्म मतदाता नामावली सङ्कलन गरिने र भोलिदेखि बन्द हुनेछ । यसअघि भक्तपुरमा पुरुष ९२ हजार २६५, महिला ९७ हजार ३१४ र तेस्रो लिङ्गी पाँच कूल एक लाख ८९ हजार ५८४ मतदाता रहेकोमा अब थप भएको सूचना अधिकारी बिसीले जानकारी दिनुभयो ।रासस

# सन् २०५० सम्म मुलुकमा क्षयरोग निर्मूल बनाइने


काठमाण्डु । सन् २०५० सम्ममा मुलुकलाई क्षयरोग निर्मल बनाइन कार्ययोजना बनाइएको छ । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले शुक्रबार यहाँ आयोजना गरेको क्षयरोगमुक्त नेपाल अभियान कार्यक्रम पुनरावलोकन तथा विस्तार कार्यशाला गोष्ठी शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङ्ले यस कार्यका लागि गैरसरकारी संस्था, अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाका साथै अन्तर्राष्ट्रिय साझेदार संस्थाको सहयोगको खाँचो औंल्याउनुभयो ।

हाल २५ स्थानीय तहमा क्षयरोगमुक्त अभियान सञ्चालन भइरहेको जानकारी दिँदै उहाँले आगामी चार वर्षभित्र सबै स्थानीय तहमा अभियान गरिने बताउनुभयो । मन्त्रालयका निमित्त सचिव श्यामसुन्दर यादवले स्थानीय तहले हरेक घरमा यस्ता रोगी खोजी गरेर केन्द्रमा तथ्याङ्क उपलब्ध गराएमा छिटोछरितो औषधि उपलब्ध गराउन सकिने बताउनुभयो ।

जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले स्थानीय तहका जनप्रतिनिधिसँग सहकार्य र समन्वय गरी उक्त अभियान अगाडि बढाउन सकेमा धेरै सर्वसाधारण लाभान्वित हुने विचार व्यक्त गर्नुभयो ।

विज्ञहरू डा दीर्घसिंह बम, डा राजेन्द्र पन्त, डा महेश्वर श्रेष्ठलगायतले विगतमा व्यवस्थापकीय कमजोरीले उक्त रोगबाट गत वर्ष १७ हजार मानिसको मृत्यु भएकामा अब यसलाई न्यूनीकरण गर्न आवश्यक रणनीति बनाउनुपर्नेमा जोड दिनुभयो । विभिन्न प्रदेशका प्रतिनिधिको प्रस्तुति रहेको उक्त कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक सञ्जयकुमार ठाकुरले क्षयरोगमुक्त नेपाल अभियानबारे चर्चा गर्नुभयो ।रासस

# गोदावरीमा निःशुल्क रेबिजको भ्याक्सिन





ललितपुर । गोदावरी नगपालिकाका केही स्वास्थ्य संस्थाले निःशुल्करूपमा नागरिकलाई रेबिजको भ्याक्सिन (सुई) लगाउने भएको छ । कुनै पनि व्यक्तिलाई कुकुरले टोकेमा सो रोगबाट जोगाउन नगरपालिकाले उक्त खोपको व्यवस्था गरेको हो ।

गोदावरी-५ स्थित लेले प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं ११ को बज्रवाराही चापागाउँ अस्पताल र वडा नं १४ को बाडेगाउँ प्राथमिक स्वास्थ्य केन्द्रबाट उक्त खोप दिइने गोदावरी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख लालबहादुर थापाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “नगरवासीको स्वास्थ्य सेवामा पहुँच पुगोस् भनेर हामीले खोपको व्यवस्था गरेका हौँ ।” सो खोप गोदावरीका मात्र नभइ अन्य पालिकाका नागरिकलाई समेत निःशुल्क लगाइने थापाले बताउनुभयो ।

स्वास्थ्य सेवा विभागको सहयोगमा जिल्ला स्वास्थ्य कार्यालय ललितपुरको पहलमा ललितपुरका ६ पालिकामध्ये गोदावरीमा सो खोपको व्यवस्था गरिएको स्वास्थ्य कार्यालयका प्रमुख डा सतिश विष्टले बताउनुभयो ।

उहाँले भन्नुभयो, “गोदावरीमा रेबिजबाट कोही पनि सङ्क्रमित नहुन् भनी भ्याक्सिनको व्यवस्था गरेका हौँ ।” यसअघि ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अर्थात् पाटन अस्पतालमा मात्र उक्त खोपको व्यवस्था थियो ।

कुकुरले टोकेमा रेबिजको भ्याक्सिन सुरुको दिनमा दुई मात्रा, लगाएको तीन दिनमा दुई मात्रा र सातौँ दिनमा दुई मात्रा लगाउनुपर्ने हुन्छ ।रासस

# लागूऔषध सहित २ जना पक्राउ

**टुडे समाचारदाता**


कलैया । प्रहरीले लागूऔषध सहित २ जनालाई बारा प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका-१८ मोतिसर बस्ने अन्दाजी बर्ष २५ को मोहमद ईमरान हुसेन(चालक) र पछाडि सवार सोही ठाउ बस्ने बर्ष २४ को मुस्ताक अंसारी रहेको प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिए ।

बिश्रामपुर गाँउपालिका -५ इटियाहीमा भारत बाट नेपाल तर्फ आउदै गरेको बा ८५ प ७०५६ नंम्बरको मोटरसाईकल शंका लागि चेक जांच गर्दा उनीहरुको साथबाट लागूऔषध सहित पक्राउ गरेको थियो । मोटरसाईकल पछाडि बस्ने बर्ष २४ को मुस्ताकले बीचमा राखी ल्याउदै गरेको अवस्थामा औनरेक्स सय एमलको २ सय २८ थान बरामद भएको थियो प्रवक्ता थापाले बताए ।

पक्राउ परेको दुवैजनालाई थुनामा राखी थप अनुसंन्धान जारी राखेको प्रहरीले जनाएको छ ।

# विश्वविद्यालयमा स्नातकोत्तर तहमा सञ्चार अध्ययन



काठमाण्डु । काठमाण्डु विश्वविद्यालयले स्नातकोत्तर तहमा सञ्चार अध्ययन (मास्टर्स इन मिडिया स्टडिज) कार्यक्रम सुरु गरेको छ ।

विगत १६ वर्षदेखि सो विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्दै आएको विश्वविद्यालयको मानविकी सङ्कायअन्तर्गत भाषा तथा आमसञ्चार विभागले यसै शैक्षिकसत्रदेखि सञ्चार उद्यमशीलता, व्यवस्थापन र विशिष्टताका आयामहरू अध्यापनका लागि स्नातकोत्तरको भर्ना आह्वान गरिएको विभागका प्रमुख डा सुधाम्शु दाहालले जानकारी दिनुभयो ।

एक शैक्षिकसत्रमा २० विद्यार्थीसम्म रहने यो तहमा एसियाको मौलिक परम्परा, संस्कृति, चलचित्र र प्रविधिलाई आधारशीला मानेर सञ्चारमाध्यमका विभिन्न आयामको अध्ययन हुनेछ ।

विश्वविद्यालयका सहप्राध्यापक डा निर्मलमणि अधिकारीले उक्त तहमा एक चौथाइ अनुसन्धानसहित प्राविधिक सीप र सैद्धान्तिक ज्ञानको समिश्रण हुने र उत्पादित जनशक्ति अन्तार्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने र रोजगारमूलक हुने बताउनुभयो । सो तहमा अध्ययनका लागि रु चार लाखसम्म शुल्क लाग्ने र कुल विद्यार्थीको २० प्रतिशतसम्म छात्रवृत्ति दिइने दाहालले बताउनुभयो ।रासस

सुर्य तारा
डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर

डा. राजेश किशोर यादव
पल्मोनोलोजीस्ट

एम.बि.बि.एस.
एम.डी.- पल्मोनोलोजी
(BSMMU, DHAKA)



२०७९ साउन २८ गते शनिवार आउँदै हुनुहुन्छ

काठमाडौँको मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुर र नेपाल कोरिया अस्पताल को छाती, फोक्सो तथा दमरोग बिशेसज्ञ डा.राजेश किशोर यादव को ओ.पि.डी सेवा जनकपुरमा पनि प्रत्यक महिनाको आन्तिम शनिबार उपलब्ध छ ।

नाम र दर्ता को लागि
सम्पर्क : ९८१७६६०११९ /९८४४४२६७७२
स्थान : सुर्य तारा डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर प्र. लि. जनकपुरधाम, अस्पताल रोड

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## मुक्तक

आफ्नै देश मा बेरोजगार भएछु आज भोलि
खाड़ी देश को भिषा को खोजिमाछु आज भोलि

भष्ट नेता जन्मे छ हाम्रो देश मा जता ततै
सो रोजगारको खोजि मा भौतारि दै छु आज भोलि



धनेश्वर ठाकुर
धनुषाधाम ४ लक्ष्मीपुर

## आमा

धेरै दुख पाए आमा तिम्रो काख छोडेदेखि हण्डर खानु खाए आमा
तिम्रो काख छोडेदेखि
तिमि बिना एक्लो थिए खुशी कहा मिल्छ भन्दै चारै दिशा थाए
आमा तिम्रो काख छोडेदेखि
जति उमेर बढ्दै गयो आवश्यकता झनै बढ्यो
सबैलाई ऋण लाए आमा तिम्रो काख छोडेदेखि चोट लाग्दा
गिज्याएर खुशी हुदै हास्ने गर्छन कस्तो शहर आए आमा तिम्रो कारण
छोडेदेखि



राजन दास
शहिदनगर न.पा. ८

## देश भरीमे अभियान चला रहल अछि

अखन सरकार बेटि पढाउ बेटि बचाउ के
देश भरीमे अभियान चला रहल अछि

मुदा बेटि सब त त्ष्पतयप प भैर-भैर दिन
पढाइ छोईरक मुजरा दिखा रहल अछि

राम-राम कहमे लाज लगैय आ ज्ञ्ज्भीयि
कहिक खुदके ई मोडर्न बता रहल अछि

नारीए लेल रामायण महाभारत भेल मुदा
आई नारीए धर्मके मजाक उडा रहल अछि

साचो ष्पिभ ार्यियिधभचक त लडकी सबके
त्ष्पतयप प अधनंगा नाच नचा रहल अछि

लाज संस्कृति संस्कारके हिन्दु लडकी सब
पिण्ड जेहन Tiktok k बहा रहल अछि



दिनेश यादव


## माइटक मुरति

हम सब छी माइट क मुरती
गढने छै भगवान यौ
जनमइने छै माई अपना कोइख स
बाबुजी पालन पोषण कइने छै
माई दुध पियाइ पोषणे छै
हम सब छी माइट क मुरती
धर्ति प एलौ करम करे ला
कहै छै माइ बाप
बौवा करम कर फल क चिन्ता नै करु
देखै छी लेकिन पैसा क जोर
अइ बिना नै खुलै छै केकरो डोर
एगो सीतारा बनके हमरो ललसा
पढु लिखु खुब मन लगाक
खुब कमाएब नाम गे
तइयो नै पुछबै सँभिया के
पैसा पैसा काहे करे दुनीया हे
भगवान काहे गढलि पैसा गे
सब गोटा मातल पैसा पाछु
हम छि झुकल समाज आगु
छि हम बाबु माइ क खुब दुलारु



प्रमोद राम
जनकपुर - ९

# ‘प्रेमगीत ३’ को चर्चाले ‘प्रकाश’ लाई पारेको असर







काठमाण्डु । एउटी आमाका लागि सन्तान कति प्रिय हुन्छन् होला ? सन्तान जति नै भए पनि आमाको माया कसैलाई कम र कसैलाई बढी हुन्छ होला र ? सम्भवतः यसको जवाफ दिन आवश्यक छैन । आमाको मायालाई ब्याख्या गर्ने कुनै शब्दकोष छैन । कलाकारका लागि आफूले अभिनय गरेको फिल्म पनि सन्तानभन्दा कम हुँदैन । महिनौं समय दिएको फिल्मप्रति हरेक कलाकारको बेग्लै प्रेम हुन्छ ।

अभिनेता प्रदीप खड्काका दुई सन्तान ‘प्रकाश’ र ‘प्रेमगीत ३’ प्रदर्शनको मुखमा छन् । दुवै फिल्म एक महिनाको अन्तरमा रिलिज हुँदैछन् भने दुवै फिल्ममा उनको फरक-फरक भूमिका छ । आगामी भदौ १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘प्रकाश’मा उनी आफ्नो करिअरकै भिन्न र चुनौतीपूर्ण भूमिकामा प्रस्तुत छन् । ‘प्रेमगीत ३’मा भने उनलाई एक्सन अवतारमा देख्न सकिनेछ ।

तर, प्रदीपले आफ्ना दुई फिल्ममध्ये ‘प्रेमगीत ३’लाई बढी माया र काखी च्यापेको देखिएको छ । आमाको माया त हरेक सन्तानलाई बराबर हुनुपर्ने हो तर, प्रदीप व्यावसायिक रुपमा सफल हुने फिल्मप्रति नै बढी ढल्किएको स्पष्ट देखिन्छ । नभए, प्रदर्शनको मुखमा रहेको फिल्मको प्रचारलाई चटक्क छाडेर उनी ‘प्रेमगीत ३’को मात्र नाम जप्दै बस्ने थिएनन् । त्यो पनि मायानगरी मुम्बई शहरमा ।

‘प्रेमगीत ३’भन्दा यतिबेला प्रदीपको पहिलो प्राथमिकतामा ‘प्रकाश’ पर्नुपर्ने हो । किनभने, रिलिजले यो फिल्म एक महिना अगाडि छ । ‘प्रेमगीत’ त आफैंमा ब्रान्ड फिल्म हो । यसको नाम आफैंमा प्रचार अस्त्र हो । तर, ‘प्रकाश’ विल्कुलै नयाँ नाम हो । यसको कन्टेन्टदेखि कलाकारको चरित्रबारे बुझाउन प्रचारमा बढी समय दिनुपर्छ । तर, प्रदीपलाई ‘प्रेमगीत ३’कै नाम जपेर फुर्सद छैन ।

‘प्रकाश’को प्रचारमा दौडिरहेको समयमा उनी ‘प्रेमगीत ३’को भारत रिलिजको जानकारी दिन मुम्बई हानिए । अहिले उनी उतै छन् । मुम्बईको शहरमा फिल्मको पोस्टर टाँगिएको फोटो सामाजिक सञ्जालमा हाल्दै उनी रमाइरहेका छन् । मिडियामा पनि यही फिल्मको चर्चा छ । प्रदीपले पनि ‘प्रेमगीत ३’कै बारेमा बोलिरहेका छन् । उनले ‘प्रकाश’ रिलिज हुँदैछ भन्ने नै विर्सिएको देखिन्छ ।

प्रदीप ‘प्रेमगीत ३’को भारत रिलिजको जानकारी दिन मुम्बई जानुअघि ‘प्रकाश’को चर्चा लोभलाग्दो थियो । प्रचारको क्रममा उनले बोलेका कुराले मिडियामा प्राथमिकता पाइरहेका थिए । फिल्मको कन्टेन्ट र उनको चरित्रलाई लिएर दर्शकमा चासो देखिन्थ्यो । तर, ‘प्रेमगीत ३’को भारत रिलिजको चर्चाले मिडिया र सामाजिक सञ्जालहरु तातेपछि ‘प्रकाश’को हाइपमा ठूलो असर गरेको छ ।

‘प्रकाश’ रिलिज हुन अब १९ दिन बाँकी छ । प्रदीप नेपालमा नहुँदा फिल्मको प्रचार सुस्ताएको छ । मिडियाहरु ‘प्रेमगीत’मय हुँदा ‘प्रकाश’ प्राथमिकतामा परेको छैन । रिलिजको मुखमा मुख्य नायक नै अर्को फिल्मलाई काखी च्यापेर मुम्बई हिंडेपछि प्रदीपसँग निर्माता-निर्देशकको सम्बन्ध चिसिएको सुनिन थालिएको छ । हुनत, उनका लागि निर्देशक-निर्मातासँग सम्बन्ध विग्रनु सामान्य हो ।

प्रदीपलाई थाहा छ, ‘प्रकाश’भन्दा ‘प्रेमगीत ३’ व्यावसायिक रुपमा बढी सफल हुन्छ । उनलाई यो विन्दूमा पुऱ्याएको पनि ‘प्रेमगीत’ ब्रान्डले हो । र, आजसम्म ‘प्रेमगीत’कै ब्याज खाएर बसिरहेका छन् । तर, ‘प्रकाश’बाट उनले आफ्नो अलग पहिचान बनाउने मौका पाउँदैछन् । यो अवसरलाई उनले अर्थपूर्ण हिसाबले हेर्नुपर्थ्यो । तर, के गर्ने उनमा ‘प्रकाश’भन्दा ‘प्रेमगीत ३’कै माया बढी देखिन्छ !

# नक्षत्र फाउन्डेशनले गऱ्यो रन्जित गजमेरलाई सम्मान



काठमाण्डु । नेपाली फिल्मको गीतसंगीतका मूर्धन्य साधक रन्जित गजमेरलाई अमेरिकाको नक्षत्र फाउन्डेशनले सम्मान गरेको छ । अमेरिकामा बसोवास गरिरहेका नेपालीहरुको सक्रियतामा सञ्चालित उक्त फाउन्डेशनले बुधवार काठमाडौंको पाँचतारे होटल ऱ्याडिशनमा आयोजना गरेको एक सांगीतिक कार्यक्रमका बीच नगद १ लाख राशीसहित संगीतकार गजमेरलाई सम्मान पत्र प्रदान गरेको हो ।

सोही अवसरमा मेनुका फाउन्डेशनले पनि नगद ५० हजारसहित गजमेरलाई सम्मान गरेको थियो । नेपाली गीतसंगीतमा पुऱ्याएको योगदानको कदर स्वरुप गजमेरलाई सम्मान गरिएको नक्षत्र फाउन्डेशनका सिइओ अर्जुन सुवेदीले बताए । ‘हामी जहाँ छौं त्यहाँ नेपाली गीतसंगीत हुनुको एक प्रमुख कारण रन्जित गजमेर हुनुहुन्छ । युगपुरुषलाई सम्मान गर्ने पाएकोमा खुशी छौं’, उनले भने ।

कार्यक्रममा बोल्दै बरिष्ठ कवि तथा रेडियो नेपालका निर्देशक नवराज लम्सालले गजमेर चार पुस्ताका संगीतकार रहेको जिकिर गरे । गजमेर नेपाल, दार्जीलिंग र मुम्बईको संगीतको त्रिवेणी रहेको उनको भनाई छ । सम्मान कार्यक्रममा गजमेरका ‘गुँरास फुल्यो वनैभरि’, ‘मिर्मिरे साँझ सिमसिमे पानी’, ‘तिम्रो मनमा लुकेका कुरा’, ‘यो दुई थोपा आँशु’लगायतका चर्चित गीतहरु गाइएको थियो ।

नक्षत्र फाउन्डेशन गैर नाफामुलक संस्था हो, जसले सहयोग जरुरी रहेका बालबालिकाको क्षेत्रमा काम गर्दै आएको छ । यतिबेला नेपालमा रहेका फाउन्डेशनका सिइओ सुवेदीले झापामा एक विद्यालय उद्धाटन गरेको बताए । उक्त विद्यालयलाई फाउन्डेशनले आर्थिक सहयोग गरेको छ । फाउन्डेशनले झापाको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा पनि सहयोग हस्तान्तरण गरेको छ ।

# ‘जोकर’ को सिक्वेलमा लेडी गागाले अभिनय गर्ने

काठमाण्डु । विश्व प्रख्यात गायिका तथा अभिनेत्री लेडी गागाले हलिउडको सुपरहिट फिल्म ‘जोकर’को दोस्रो श्रृंखलामा मुख्य भूमिकामा अभिनय गर्ने भएकी छन् ।

उनले ट्विटरमा एक म्यूजिकल टिजर शेयर गर्दै आफूले फिल्ममा अभिनय गर्न लागेको जानकारी दिएकी हुन् । फिल्ममा उनी अभिनेता ज्याकिन फिनिक्सको अपोजिटमा देखिनेछिन् । फिल्मको नाम ‘जोकर : फोली अ डिक्स’ राखिएको छ ।

हलिउड मिडियाका अनुसार, यो म्यूजिकल फिल्म हुनेछ र लेडी गाना हार्ले क्वीनको भूमिकामा हुनेछिन् । गत ७ जूनमा निर्देशक टड फिलिप्सले स्क्रिनप्ले कभर इन्स्टाग्राममा शेयर गर्दै ‘जोकर’ सिक्वेलको घोषणा गरेका थिए । सिक्वेलमा ज्याकिनले नै जोकरको भूमिकामा अभिनय गर्नेछन् । उनले सन् २०१९ मा आएको फिल्म ‘जोकर’बाट उत्कृष्ट अभिनेताको अस्कार अवार्ड जितेका थिए ।

लेडी गागाले आफू फिल्ममा आबद्ध भएको घोषणा गरेसँगै उनको तारिफ र क्रिटिसाइज भइरहेको छ ।

कतिपयले उनलाई ‘जोकर’ सिक्वेलमा हेर्न आतुर रहेको प्रतिक्रिया जनाएका छन् भने कतिपयले ब्रान्ड फिल्मको सिक्वेललाई नै उनले बर्बाद बनाउने टिप्पणी गरेका छन् । ४ अक्टोबर सन् २०२४ मा फिल्म प्रदर्शन हुनेछ । यसको पहिलो पार्टले विश्वभर एक बिलियन डलर कमाएको थियो ।

# ‘सम्हालिन्छ कहिले मन’ ट्रेलरमा पूजासँग आकाश र सोनमको प्रेम



काठमाण्डु । सुदर्शन थापा निर्देशित फिल्म ‘सम्हालिन्छ कहिले मन’को ट्रेलर सार्वजनिक भएको छ । शुक्रवार सार्वजनिक भएको २ मिनेट ५५ सेकेन्डको ट्रेलरमा तीन पात्र (पूजा शर्मा, सोनम तोप्देन र आकाश श्रेष्ठ) को प्रेम जीवनमा आउने उतार-चढावलाई प्रस्तुत गरिएको छ । प्रेमिल र वियोगान्त संवादलाई प्राथमिकता दिइएको ट्रेलरमा फिल्मप्रति दर्शकको उत्सुकता जगाउन सक्ने ल्याकत देखिन्छ ।

भदौ १७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा पूजा, सोनम र आकाशसँगै गौरी मल्ल, सरोज खनाल, धिरेन शाक्यलगायतका कलाकारहरुको पनि अभिनय छ । गायक समेत रहेका सोनमले यही फिल्मबाट अभिनेताको रुपमा डेब्यू गर्दैछन् । फिल्मका लागि पूजा शर्माले सोनमलाई रोजेकी हुन् । एवि इन्टरनेशनलको ब्यानरमा निर्माण भएको फिल्मको कथा महेश दवाडीले लेखेका हुन् ।

सौरभ लामाको छायांकन, अर्जुन पोखरेल, ताराप्रकाश लिम्बु र जेम्स प्रधानको संगीत, कविराज गहतराजको कोरियोग्राफी, अर्जुन जिसीको सम्पादन रहेको फिल्मको निर्मातामा अमित बस्नेत, सह-निर्मातामा परी राना र अजितकुमार थापा, कार्यकारी निर्मातामा सनिस खकुरेल र अंकित गौतम छन् । कोरोनाका कारण प्रदर्शनमा ढिलाई भएको फिल्मको प्रायः छायांकन यूकेमा भएको हो ।

# स्क्रिप्ट राइटरलाई १५ लाख दिनुपर्छ : सौगात मल्ल

काठमाण्डु । फिल्मको जग भनेकै स्क्रिप्ट हो । जब स्क्रिप्टमै पर्याप्त लगानी र मेहनत गरिँदैन भने फिल्म कसरी राम्रो बन्न सक्छ ? तर, नेपालमा स्क्रिप्टभन्दा नाम चलेका कलाकारलाई साइन गराउन मेकरहरुले बढी मेहनत गर्छन् । कलाकारलाई ३०-४० लाखसम्म तिर्न सहर्ष तयार हुने निर्माताहरु स्क्रिप्ट राइटरलाई भने एक/दुई लाख दिएर झारो टार्छन् । अनि, लेखकले पनि स्क्रिप्टमा किन मेहनत गर्छ ?

कलाकारभन्दा स्क्रिप्टमा मेहनत र लगानी गर्नुपर्ने बहस हुँदै आएको भए पनि एकाधबाहेक प्रायः निर्माता/निर्देशकहरुको पहिलो प्राथमिकतामा त्यो कुरा पर्दैन । जसले गर्दा वर्षेनी दर्जनौं फिल्म स्क्रिप्टमै चुकेर डब्बा हुने गरेका छन् । अभिनेता सौगात मल्ल पनि नेपाली फिल्मको कमजोरी स्क्रिप्टमै देख्छन् । स्क्रिप्टमा खासै मेहनत र लगानी नहुँदा फिल्म राम्रो बन्न नसकेको उनको कथन छ ।

पत्रकारसँगको भेटघाटमा सौगातले भने- ‘स्क्रिप्टमै मेहनत र लगानी भएन भने फिल्म राम्रो बन्नै सक्दैन । नेपालमा स्क्रिप्टमा खासै समय नै दिइँदैन ।

सबैलाई फिल्म बनाउनै हतारो हुन्छ । फिल्मको स्क्रिप्ट तयार गर्न कम्तिमा डेढदेखि दुई वर्ष दिनुपर्छ । त्यति समय मेहनत गरिँदैन भने फिल्म बनाउनु नै बेकार छ । दुई वर्ष स्क्रिप्टमा मेहनत गरेको लेखकले १५ लाख त डिजर्भ गर्छ ।’ फिल्म स्क्रिनप्लेले बलियो हुने भएकाले एक/दुई वर्षमा मात्र आफूलाई त्यसप्रकारको फिल्म आउने गरेको र काम गर्दा पनि सन्तुष्टि मिल्ने सौगात बताउँछन् । आफ्ना अघिल्ला फिल्महरुभन्दा अब प्रदर्शन हुने तयारीमा रहेका फिल्ममा दर्शकहरुले स्क्रिनप्लेमा धेरै सुधार महशुस गर्ने उनको विश्वास छ । स्क्रिनप्ले बलियो हुने वितिक्कै कलाकारको काम त्यसै राम्रो देखिने सौगातको अनुभव छ ।

# पूजा र आकाशको ‘सम्झना बिर्सना’ अब भारतमा



काठमाण्डु । असार ३१ गते नेपालमा प्रदर्शन भएको निमेष प्रधान निर्देशित फिल्म ‘सम्झना बिर्सना’लाई अब भारतका विभिन्न शहरमा प्रदर्शन गरिने भएको छ । दार्जिलिङ निवासी रेविका प्रधान र आदित्य प्रधानले मिलेर निर्माण गरेको फिल्मलाई आगामी ९ सेप्टेम्बर (भदौ २४ गते) बाट पहिलो चरणमा दार्जिलिङ, सिक्किम, सिलगुडी, जय गाउँलगायतका ठूला शहरहरुमा प्रदर्शन गर्न लागिएको हो ।

‘हामी विभिन्न चरणमा फिल्म रिलिज गर्नेछौं,’ दार्जिलिङबाट प्रधानले भने, ‘दोस्रो चरणमा ७ अक्टोबरबाट असाम, उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा प्रदर्शन गर्ने तयारी गरेका छौं भने तेस्रो चरणमा २१ अक्टोबरबाट भारतका अन्य शहरमा प्रदर्शन गर्नेछौं ।’ उनले भारतमा नेपाली फिल्मको बजार राम्रो रहेको र त्यसलाई विस्तार गर्न ‘सम्झना बिर्सना’को प्रदर्शनले सघाउने विश्वास व्यक्त गरे ।

भारतका हलमा फिल्मलाई अंग्रेजी सबटाइटलमा प्रदर्शन गरिने निर्माता प्रधानले जानकारी दिए । ‘हामीले प्रारम्भिक रुपमा नेपाली भाषी दर्शकलाई नै लक्षित गरेका छौं । त्यसैले भारतमा नेपाली भाषामै रिलिज गर्नेछौं । तर, नेपाली नबुझ्नेहरुका लागि भने अंग्रेजी सबटाइटल राख्ने योजनामा छौं ।’ नेपालमा व्यवसायिक सफलता हात पार्न नसकेको फिल्मले प्रतिक्रिया भने राम्रो पाएको थियो ।

फिल्ममा अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री पूजा शर्मा मुख्य भूमिकामा छन् । सुनिल थापा, छुल्ठिम गुरुङ, शिशिर राणाको पनि अभिनय रहेको फिल्मलाई दार्जिलिङ, सिलगुढी, सिक्किम क्षेत्रमा छायांकन गरिएको थियो । त्रिकोणात्मक प्रेमकथा बोल्ने फिल्ममा शिव ढकालको छायांकन, कमल राई र रामजी लामिछानेको कोरियोग्राफी,अर्जुन पोखरेल र निमेष प्रधानलको संगीत रहेको छ ।

# हलमा लाग्यो ‘म’, ‘चपली हाइट ३’ रि-रिलिज




काठमाण्डु । फिल्म ‘कबड्डी ४’यता एकपछि अर्को आशातित फिल्महरुले दर्शक तान्न नसकिरहेको अवस्थामा शुक्रवारबाट दुई नेपाली फिल्म ‘म’ र ‘चपली हाइट ३’ प्रदर्शनमा आएका छन् । ‘चपली हाइट ३’ तेस्रो पटक प्रदर्शन भएको हो । पहिलो प्रदर्शन कोरोनाले विथोलेको थियो भने दोस्रो प्रदर्शनमा दर्शकहरुले फिल्म हेर्ने रुचि नै देखाएनन् । अब तेस्रो प्रदर्शनको नतिजा कस्तो आउँछ, हेर्न बाँकी छ ।

‘म’ र ‘चपली हाइट ३’को जनरा एउटै हो, ड्रामा, क्राइम र सस्पेन्स थ्रिलर । मल्टीप्लेक्सहरुमा दुवै फिल्मले औसत शो पाएका छन् । सिंगल थिएटरको संख्या भने ‘म’को पक्षमा धेरै छ । यी दुई फिल्मलाई शुक्रवारबाटै प्रदर्शनमा आएको हलिउड सुपरस्टार ब्रान्ड पिट अभिनीत ‘बुलेट ट्रेन’ र साउथ स्टार रवि तेजाको ‘रामा राव अन ड्यूटी’ मल्टीप्लेक्समा केही हदसम्म चुनौती बन्न सक्नेछन् ।

सुवर्ण थापाको निर्देशनमा तयार भएको ‘म’मा सरोज खनाल, संजोग रसाइली, निराजन प्रधान, निशा अधिकारी, पुनम श्रेष्ठ, रुविना थापा, सरिता लामिछाने, सविन श्रेष्ठ, नरेन खड्कालगायतको अभिनय रहेको छ । प्रकाश पुरीको कथा तथा पटकथा रहेको फिल्ममा तेन्जिङ्ग पाल्देनको छायांकन र बनिश शाहको सम्पादन छ । फिल्मको निर्मातामा बिमला हुमागाईं र पदम पुरी छन् ।

त्यस्तै, निकेश खड्का निर्देशित ‘चपली हाइट ३’लाई अर्जुन कुमारले निर्माण गरेका हुन् । फिल्ममा स्वस्तिमा खड्का, आमिर गौतम, सुपुष्पा भट्ट, महेश त्रिपाठी, अर्पण थापा, तीकमान श्रेष्ठ, दीपाश्री निरौला, लक्ष्मी बर्देवा, लोकेन्द्र लेखक, विशाल पहारी, जीवन भट्टराई, सुष्मा निरौलालगायतका कलाकारहरुको अभिनय छ । फिल्मको कथा तथा संवाद आकाश बरालले लेखेका हुन् ।

# छैटौं प्रतिनिधिसभाका लागि मङ्सिर ४ गते निर्वाचन

काठमाण्डु । नेपाल सरकारले निर्वाचन आयोगको परामर्शमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन आगामी मङ्सिर ४ गते एकै चरणमा सम्पन्न गर्ने गरी बिहीबार मिति तोकेको छ। यस निर्वाचनमार्फत नेपालमा छैटौं प्रतिनिधिसभाको गठन हुनेछ।



नेपालको संविधानअनुसार सङ्घीय निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबमोजिम निर्वाचित हुने १६५ सदस्य र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने ११० प्रतिनिधि सभा गठन हुन्छ । यसैगरी सातै प्रदेशमा संविधानले व्यवस्था गरेअनुरुप प्रतिनिधिसभाको निर्वाचनसँगै प्रदेशसभाका लागि पनि निर्वाचन गर्ने सरकारले निर्णय गरेको छ । नेपालमा हालसम्म विसं २०१६, २०४८, २०५१, २०५६ र २०७४ गरी पाँच पटक भएको निर्वाचनमार्फत प्रतिनिधिसभाको गठन भएको थियो भने २०६४ र २०७० मा संविधा सभा सदस्यको निर्वाचन भएको थियो। संविधानसभा कालमा उक्त सभाले व्यवस्थापिका-संसद्को समेत काम गरेको थियो।

नेपालमा प्रतिनिधिसभाको निर्वाचनको इतिहास हेर्ने हो भने विसं २०१५ फागुन ७ गते प्रारम्भ भई विभिन्न चरणमा सम्पन्न भएको प्रतिनिधिसभाको आम निर्वाचन चैत २८ गतेसम्म ४५ दिनमा पूरा भएको थियो। त्यसको अन्तिम परिणामको घोषणा २०१६ साल वैशाख २८ गते भएको थियो । प्रतिनिधिसभाको उक्त निर्वाचनमा नौ राजनीतिक दलले उम्मेदवारी दिएकामा छ राजनीतिक दलका उम्मेदवार विजयी भएका थिए । उक्त निर्वाचनमा १०९ सदस्यका लागि भएको निर्वाचनमा नेपाली कांग्रेसले ७४ स्थानमा विजयी हासिल गरेको थियो । नेपाल राष्ट्रवादी गोरखा परिषद्ले १९, संयुक्त प्रजातन्त्र पार्टीले पाँच, नेपाल कम्युनिष्ट पार्टीले चार, नेपाल प्रजा परिषद्ले (आचार्य गुट) दुई, नेपाल प्रजा परिषद्ले (मिश्र गुट) एक र चार स्वतन्त्र सदस्य विजयी भएका थिए।

नेपाल अधिराज्यको संविधान २०४७ प्रारम्भ भएपछि प्रतिनिधिसभामा २०५ स्थानका लागि २०४८ साल वैशाख २९ गते आमनिर्वाचन भएको थियो । निर्वाचन आयोगका अनुसार उक्त निर्वाचनमा नेपाली कांग्रेसले ११० स्थानमा विजय हासिल गरेको थियो । यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले ६९, संयुक्त जनमोर्चा नेपालले नौ, नेपाल सदभावना पार्टीले छ, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)ले तीन, नेपाल मजदुर किसान पार्टीले दुई, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)ले एक, र स्वतन्त्रले तीन स्थानमा विजय हासिल गरेका थिए । विसं २०५१ कात्तिक २९ गते प्रतिनिधिसभाका लागि तेस्रो पटक आमनिर्वाचन सम्पन्न भएको थियो । २०५ सदस्यका लागि भएको सो निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले ८८, नेपाली कांग्रेसले ८३, राष्ट्रिय प्रजातन्त्र पार्टीले २०, नेपाल सद्भावना पार्टीले तीन, नेपाल मजदुर किसान पार्टीले चार र स्वतन्त्रले सात स्थानमा विजय हासिल गरेका थिए।

नेपालमा प्रतिनिधिसभाका लागि चौथो पटक २०५६ सालमा दुई चरणमा आमनिर्वाचन सम्पन्न भएको थियो । २०५सदस्यीय सो निर्वाचनमा नेपाली कांग्रेसले १११, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले ७१, राष्ट्रिय प्रजातन्त्र पार्टीले ११, नेपाल सद्भावना पार्टीले पाँच, संयुक्त जनमोर्चा नेपालले पाँच, राष्ट्रिय जनमोर्चाले एक र नेपाल मजदुर किसान पार्टीले एक स्थानमा विजयी हासिल गरेका थिए । अवधि पूरा नहुँदै विघटनमा परेको उक्त प्रतिनिधिसभाको विसं २०६२/०६३ मा भएको जनआन्दोलनको परिणामस्वरुप वैशाख ११ गते पुनःस्थापना गरिएको थियो । यसैगरी तत्कालीन विद्रोही नेकपा माओवादी र आन्दोलनरत सात दलबीच भएको विस्तृत शान्ति सम्झौता र ११ बुँदे सम्झौतापछि पुनःस्थापित प्रतिनिधिसभालाई रुपान्तरण गरी २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम ३२९ सदस्यीय व्यवस्थापिका-संसद् गठन गरिएको थियो।

नेपालको इतिहासमा पहिलोपटक २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो । नेपालको अन्तरिम संविधान २०६३ अनुसार प्रत्यक्ष, समानुपातिक र मन्त्रिपरिषद्बाट मनोनीत गरी ६०१ सदस्यीय संविधानसभा गठन भएको थियो। सो सभाले व्यवस्थापिका-संसद्को समेत भूमिका निर्वाह गरेको थियो । संविधानसभामा मान्यता प्राप्त २५ दल थिए। संविधान निर्माण नहुँदै पहिलो संविधानसभा विघटन भएकाले २०७० मङ्सिर ४ गते पुनः दोस्रो पटक संविधानसभाको निर्वाचन सम्पन्न भएको थियो । संविधानमा भएको व्यवस्थाबमोजिम प्रत्यक्ष निर्वाचन प्रणालीबाट २४० र समानुपातिक निर्वाचन प्रणालीबाट ३३५ र मन्त्रिपरिषद्बाट २६ मनोनीत सदस्य रहने व्यवस्था थियो । पहिलो संविधानसभाको झैं यस संविधानसभाले पनि व्यवस्थापिका-संसद्को समेत कार्य गरेको थियो।

संविधानसभाबाट नेपालको संविधान जारीभएपछि प्रतिनिधिसभाका लागि पाँचौं पटक २०७४ मङ्सिर १० र २१ गते दुई चरणमा आम निर्वाचन सम्पन्न भएको थियो । निर्वाचनमा सङ्घीय व्यवस्थाअनुसार पहिलोपटक सातै प्रदेशका प्रदेशसभाको पनि निर्वाचन पनि प्रतिनिधिसभाको निर्वाचनसँगै सम्पन्न भएको थियो । उक्त निर्वाचनमा प्रतिनिधिसभामा रहने कूल २७५ मध्ये १६५ निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचनबाट र समानुपातिक निर्वाचन प्रणालीबाट ११० सदस्यको निर्वाचन भएको थियो। यस निर्वाचनमा नेकपा (एमाले) १२१, नेपाली कांग्रेस ६३, नेकपा (माओवादी केन्द्र) ५३, राष्ट्रिय जनता पार्टी नेपाल १७, सङ्घीय समाजवादी फोरम नेपाल १६ तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, नयाँ शक्ति पार्टी र स्वतन्त्र एक/एक स्थानमा विजयी भएका थिए ।रासस

## परराष्ट्रमन्त्री डा खड्का चीन भ्रमणमा जाँदै

काठमाण्डु । परराष्ट्रमन्त्री डा नारायण खड्काले यही साउन २४ देखि २६ (अगस्ट ९ देखि ११) गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण गर्नुहुने भएको छ।

उहाँले चीनका विदेश मामिलामन्त्री एवं स्टेट काउन्सिलर वाङ यीको निमन्त्रणामा त्यहाँको भ्रमण गर्न लाग्नुभएको मन्त्रालयले शुक्रबार जनाएको हो।

दुबै मन्त्रीहरूले १० अगस्टमा चीनको चिङ्दाओमा प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गर्ने कार्यक्रम तय भएको छ। स्टेट काउन्सिलर तथा विदेशमन्त्री वाङ यीले मन्त्री खड्का र प्रतिनिधिमण्डलका सदस्यको सम्मानमा रात्रिभोजसमेत आयोजना गर्नुहुनेछ। मन्त्री खड्का तीन दिने भ्रमण सम्पन्न गरी ११ अगस्टमा काठमाडौं फर्कनुहुने मन्त्रालयले जनाएको छ ।रासस

# बन्द उद्योगलाई सञ्चालनमा ल्याइए औद्योगिक उत्पादन बढ्न सक्छः मन्त्री बडू

कैलाली । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले राष्ट्रिय उत्पादन बढाउनका लगि भएका उद्योगलाई पूर्ण क्षमतामा चलाउने र बन्द रहेका



उद्योगलाई सञ्चालनमा ल्याइए मात्रै औद्योगिक उत्पादन बढ्न सक्ने बताउनुभएको छ।

धनगढी विमानस्थलमा शुक्रबार सञ्चारकर्मीसँगको भेटघाट कार्यक्रममा उहाँले यसरी सञ्चालनमा रहेका उद्योगलाई पूर्ण क्षमतामा चलाउने र बन्द अवस्थामा रहेका उद्योगलाई सञ्चालनमा ल्याइएमा उत्पादन बढ्नाका साथै जनतालाई केही हदसम्म भए पनि रोजगारीको अवस्था सिर्जना गर्नमा मद्दत मिल्ने बताउनुभयो।

“सरकारले मात्रै सबै उद्योग चलाउन सक्दैन बरु अब सरकार र निजी क्षेत्रको साझेदारीमा वा केही उद्योग अझ पूर्णत लिजमा दिएर सञ्चालन गरिए राजस्वमा योगदान पुग्न सक्दछ ।” मन्त्री बडूले भन्नुभयो, “यसरी निजी क्षेत्रले सञ्चालन गरिदियो भने रोजगारी तथा राजस्व बढ्छ र राष्ट्रिय उत्पादन पनि बढ्छ।”

मन्त्री बडूले भएका उद्योगलाई पूर्ण क्षमतामा चलाउने र रुग्ण उद्योगलाई सञ्चालनका निमित्त विभिन्न मोडेलमा सञ्चालन गरिने धारणा व्यक्त गर्नुभयो । समयमै मलको प्रबन्ध गर्नमा केही विलम्ब भएको बताउँदै उहाँले अहिलेको लागि हामीले बाहिरबाटै ल्याउनुपर्ने भएको हुनाले यसको प्रबन्ध भइरहेको जानकारी दिनुभयो।

प्रदेश र सङ्घको निर्वाचनका लागि हिजो मात्रै मन्त्रिपरिषद्बाट निर्वाचनको मिति तोकी सकिएको र त्यसको तयारी नै अहिलेको प्रमुख काम रहेको मन्त्री बडूले बताउनुभयो ।रासस

# गृहमन्त्री खाणसँग चिनियाँ राजदूतको शिष्टाचार भेट

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणसँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेटघाट गर्नुभएको छ।

गृह मन्त्रालयमा शुक्रबार भएको भेटमा दुई देशबीचको आपसी सम्बन्ध थप सुदृढ बनाउनेबारे छलफल भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । भेटमा गृहमन्त्री खाणले नेपाल एक चीन नीतिको पक्षमा रहेको स्पष्ट पार्नुभएको जनाइएको छ।



नेपाल एक चीन नीतिको पक्षमा छ, नेपालभित्र छिमेकी राष्ट्रविरुद्ध कुनै गतिविधि हुन नदिन हामी प्रतिबद्ध छौं’, गृहमन्त्रीको भनाइ उद्धृत गर्दै उहाँका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिनुभयो।

उहाँले नेपाल असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तमा अडिग रहेको पनि बताउनुभयो । अन्य छिमेकी मुलुक र चीनको शान्ति नेपालको हितमा रहेको गृहमन्त्री खाणको भनाइ थियो । भेटमा राजदूत यान्छीले नेपालमा हुने विपद्को व्यवस्थापनमा चीन सहयोग गर्न तयार रहेको बताउनुभयो। सरकारले बिहीबारमात्रै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन घोषणा गरेकोमा चीनले खुसी व्यक्त गरेको राजदूत यान्छीले जानकारी गराउनुभएको थियो।

जनताको मतबाट प्रतिनिधि चुनिने व्यवस्थाको पक्षमा चीन सदैव रहने भन्दै राजदूत यान्छीले जनमतबाट आउने नयाँ सरकारसँग चीन सहकार्य गर्न तयार रहेको बताउनुभयो । उहाँले यसै वर्ष चिनियाँ कम्युनिष्ट पार्टीको पनि अधिवेशन हुनलागेको जानकारी गृहमन्त्री खाणलाई गराउनुभएको थियो ।रासस

## न्यायमा पहुँच कार्यक्रमसम्बन्धी सम्झौता

बनियानी । कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र पूर्वाञ्चल विश्वविद्यालयबीच न्यायमा पहुँच कार्यक्रम (एटुजे परियोजना)का लागि सम्झौता भएको छ।

संस्थागत सुधार कार्यक्रममार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजनाको आयोजना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं १ को संयोजनमा झापाको बिर्तामोडमा शुक्रबार आयोजित ‘एकीकृत कानूनी सहायताको अनुगमन तथा प्रतिवेदन प्रणाली अन्तर्क्रिया कार्यशाला’ का बीच मन्त्रालय र विश्वविद्यालयबीच सम्झौता भएको हो।

सम्झौतापत्रमा मन्त्रालयका सहसचिव तथा परियोजना राष्ट्रिय कार्यक्रम निर्देशक फणीन्द्र गौतम र पूर्वाञ्चल विश्व विद्यालयका कानून सङ्कायका डीन अनिलकुमार पोखरेलले हस्ताक्षर गर्नुभएको छ। सम्झौताअन्तर्गत पूर्वविद्यालयले कानून सङ्कायमा ‘क्लिनिकल लिगल एकजुकेशन’ सञ्चालन गर्नेछ। विश्वविद्यालयका बीएएलएलबीमा अध्ययनरत विद्यार्थीले स्थानीय, समुदाय र जिल्ला तहका निकायमा गएर निःशुल्क कानूनी सहायत प्रदान गर्ने सम्झौता भएको एटुजे परियोजना प्रदेश नं १ का कानूनी सहायता अधिकृत टेकनाथ सापकोटाले बताउनुभयो।

सम्झौताअनुसार प्रत्येक विद्यार्थीले दुई/तीन महिना समुदायमा गएर निःशुल्क कानुनी सेवा प्रदान गर्नेछन्’, उहाँले भन्नुभयो, त्यसका लागि परियोजनाले आर्थिक र प्राविधिक सहयोग गर्नेछ।’ कार्यशालाको उद्धाटन सत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं १ का सचिव विनोदप्रकाश सिंहले लक्षित वर्गले निःशुल्क कानुनी पहुँच अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# सरकारले गुप्तचर परिचालन गरेको भनी आएको समाचार निराधार- मन्त्री कार्की

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले केही सञ्चारमाध्यममा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गुप्तचरी गर्नका लागि सरकारले गुप्तचर परिचालन गरेको भनी आएको समाचार निराधार भएको बताउनुभएको छ।

यही साउन १९ गते बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णय सार्वजनिक गर्न आज आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता कार्कीले भन्नुभयो, ‘‘पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गुप्तचरी गर्न सरकारले गुप्तचर परिचालन गरेको र नागरिकको फोन ट्यापिङ गरी वैयक्तिक गोपनीयतामा हस्तक्षेप गरेको भन्ने समाचार निराधार भएको कुरा स्पष्ट पार्न चाहन्छु।’ उहाँले सरकार व्यक्तिको स्वतन्त्रता र गोपनीयताको अधिकारप्रति सचेत रहेको बताउँदै कुनै भ्रममा नपर्नसमेत अपिल गर्नुभयो । सरकार गोपनीयताको सम्मान र सम्वर्द्धन गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ छ।



मन्त्री कार्कीले सरकारले शहरी विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना कार्यान्वयनका लागि जापान सरकारबाट जापानी येन १५ अर्ब ९० करोड १० लाख (करिब रु १४ अर्ब ६९ करोड) सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

त्यसैगरी सरकारले यही साउन १ गतेदेखि लागू हुनेगरी निक्षेप सुरक्षणको सीमा तीन लाखबाट वृद्धि गरी पाँच लाख रुपैयाँ पुर्‍याउने, मध्य भोटेकोशी प्रसारण लाइन आयोजना प्रभावित क्षेत्रको क्षतिपूर्ति निर्धारण गर्न समिति गठन गर्ने र नेपाल कृषि अनुसन्धान परिषद्को सदस्यमा मनोनयन गर्ने पनि निर्णय गरेको छ।

मन्त्री कार्कीले भन्नुभयो, ‘‘संयक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा मिति २०७९ भदौ १६ मा सञ्चालन हुने तेस्रो युनिस्कोपमा प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललाई भाग लिन स्वीकृति दिने र लुम्बिनी सांस्कृतिक नगरपालिकालाई अस्पताल र लुम्बिनी सांस्कृतिक भवन निर्माण गर्ने प्रयोजनार्थ जग्गा लिजमा उपयोग गर्न दिन स्वीकृति दिने सरकारको निर्णय छ।’

सरकारले आगामी कात्तिक ३ र ४ गतेसम्म विश्व कृषिस्थानमा हुने स्टेयरिङ कमिटी मिटिङ अफ दि ग्लोबल स्नोल लियोपड एन्ड इकोनमी सिस्टम प्रोटेक्सन प्रोग्रामसम्बन्धी कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदीप यादव र सचिव डा प्रेमनारायण कँडेललाई सहभागी हुन स्वीकृति दिने निर्णय पनि गरेको छ।

सुरुङ्गा नगरपालिका सप्तरीको केन्द्र साविक मधुपट्टी हाल सुरुङ्गा नपा वडा नं ४ मा रहेको ठाउँबाट सुरुङ्गा नपा वडा-५ को कुशाहा कायम गर्ने र आगामी असोज २७ र २८ सम्म इटालीको रोममा आयोजना हुने ‘स्कील राइट्स केयर टाइम टु एक्ट लेसन्स लर्न फर्म द इर्मेजेन्सी’ सम्बन्धी कार्यक्रममा भाग लिन स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय छ।

सरकारले नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव दीपक काफ्लेलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी लुम्बिनी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गर्ने र नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव विन्दु विष्टलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी महालेखा परीक्षकको कार्यालयको उपमहालेखा परीक्षकमा पदस्थापन गर्ने भएको छ ।

मन्त्री कार्कीले निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका यादवप्रसाद कोइराला समेतका छजना अधिकृतको सरुवा गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । सरकारले आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्यको निर्वाचन गर्ने पनि निर्णय गरेको छ ।रासस

# मन्त्री श्रेष्ठ र राजदूत गोडरबीच शिष्टाचार भेटवार्ता

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठ र नेपालका लागि इजरायली राजदूत हनान गोडरबीच आज शिष्टाचार भेटवार्ता भएको छ।



भेटमा मन्त्री श्रेष्ठले नेपाल र इजरायलबीच कूटनीतिक सम्बन्ध विस्तार भएको छ दशकभन्दा लामो समयमा पारस्परिक सहयोग, सद्भावना, समझदारी र मैत्रीपूर्ण सम्बन्ध प्रगाढ हुनुको साथै द्विपक्षीय सम्बन्ध विकासका विभिन्न विधासँगै सहयोगका क्षेत्रसमेत विस्तार भएको बताउनुभयो।

सरकार भूमिको समुचित उपयोग गरेर सहकारीको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समृद्धि हासिल गर्नतर्फ लागिरहेको भन्दै इजरायलले सहकारीका माध्यमबाट गरेको समृद्धिबाट नेपालले धेरै कुरा सिक्न सकिने मन्त्री श्रेष्ठले जोड दिनुभयो।

भेटमा राजदूत गोडरले नेपालको भूमि व्यवस्थापन र कृषि विकासमा प्रविधिको भूमिका महत्वपूर्ण हुने भन्दै नेपाल प्राकृतिक र कृषिमा धेरै सम्भावना भएको देश भएकाले इजरायलले गरेको प्रविधिको प्रयोग नेपालका लागि पनि उपयोगी हुनसक्ने जानकारी दिनुभयो ।रासस


**अरुण–३ जलविद्युत आयोजनाको ४०० के.भी. विद्युत प्रशारण लाइन आयोजनाको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

*प्रकाशित मितिः २०७९/०४/२०*

एसजेभीएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा. लि. प्रस्तावक रहेको अरुण-३ जलविद्युत आयोजनाको ४०० के.भी. विद्युत प्रशारण लाइन प्रदेश न. १ को संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, हुदै मधेश प्रदेशको सिराहा, धनुषा, महोत्तरी हुँदै भारत पुग्नेछ। प्रस्तावित प्रशारण लाइनको संखुवासभा स्थित दिदिङ्ग देखि महोत्तरी स्थित बथनाह सम्मको लम्बाई २१७.४६४ कि.मि.को हुनेछ। प्रस्तावित विद्युत प्रशारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृती भए पश्चात सो आयोजनाका केहि भागहरु परिवर्तित भएको सम्बन्धमा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एसजेभीएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा. लि. लोकन्थली, मध्यपुर थिमी २, नेपाल फोन नं:०१-६६३१०७७ |
| **प्रस्तावको व्यहोरा** | अरुण-३ जलविद्युत आयोजनाको ४०० के.भी. विद्युत प्रशारण लाइनको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | संखुवासभा जिल्ला (चिचिला गाउँपालिका, खाँदबारी नगरपालिका), भोजपुर जिल्ला (षडानन्द नगरपालिका, भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका), खोटाङ जिल्ला (साकेला गाउँपालिका, दिप्रुङ चुइचुम्मा गाउँपालिका), उदयपुर जिल्ला (सुनकोशी गाउँपालिका, ताप्ली गाउँपालिका, उदयपुरगढी गाउँपालिका, कटारी नगरपालिका) र मधेश प्रदेशको सिराहा जिल्ला (कर्जन्हा नगरपालिका), धनुषा जिल्ला (गणेशमान चारनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका) र महोत्तरी जिल्ला (भंगाहा नगरपालिका, बलवा नगरपालिका, लोहरपट्टी नगरपालिका, महोत्तरी गाउँपालिका, एकडारा गाउँपालिका, जलेश्वर नगरपालिका) |

माथि उल्लेखित प्रशारण लाइनको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने सन्दर्भमा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न तपसिल क्षेत्रमा सार्वजनिक सुनुवाई गरिने भएकोले सो क्षेत्रका सम्बन्धित नगरपालिकाहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव समेत लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थान मा उपस्थित भई राय सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ।

| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | आयोजक |
|---|---|
| मितिः २०७९/०४/२८<br>समयः बिहान ११:०० बजे<br>स्थानः उद्योग वाणीज्य संघको भवन, वडा नं.३, कटारी<br>मितिः २०७९/०४/२९<br>समयः बिहान ११:०० बजे<br>स्थानः श्री राधाकृष्ण मन्दिरको सामुदायिक भवन, वडा नं. ६, मिथिला नगरपालिका, ढल्केबार, धनुषा | एसजेभीएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी प्रा. लि. लोकन्थली, मध्यपुर थिमी २, नेपाल फोन नंः ०१-६६३१०७७ |


# विषयगत मन्त्रालयलाई ताकेता गर्न निर्देशन

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले साउन २ गते नै नयाँ योजनाको अख्तियारी पठाइसकेकाले योजना कार्यान्वयन नगरी व्यक्तिगत काममा कर्मचारी खटिएको भन्दै तत्काल विषयगत मन्त्रालयलाई ताकेता गर्न निर्देशन दिनुभएको छ । उहाँले अधिकांश जिल्लाका कार्यालय प्रमुख व्यक्तिगत काममा लागेका कारण कार्यालयमा काम नभएको टिप्पणी गर्नुभयो।

कर्णाली प्रदेश सरकारको बिहीबार सम्पन्न वार्षिक समीक्षा कार्यक्रममा मुख्यमन्त्री शाहीले मन्त्री र सचिवको नाम बेचेर पैसा असुल्ने धन्दामा नलाग्न कर्मचारीलाई आग्रह गर्नुभयो।



उहाँले भन्नुभयो, यस्तो प्रवृत्तिले प्रदेशको काम कसरी हुन्छ ? अबको चार महिनाभित्र प्रतिफल निस्कने गरी काम गर्न मैले तपाईहरु सबैलाई भनेको छु, मेरो कुरा किन सुन्नुहुन्न ?’ मुख्यमन्त्री शाहीले अगाडि भन्नुभयो, पैसा बुझाएर योजना पारेको भन्ने गुनासोसमेत मुख्यमन्त्री कार्यालयमा आएको छ।

राजनीतिक नेतृत्व र कर्मचारीको समन्वय सहकार्यबाट नै प्रदेशको विकास हुन्छ । काम गर्नेले थोरै समयमा धेरै काम गर्छ तर काम नगर्नेलाई जति समय भए पनि केही नगर्ने हुँदोरहेछ।’ कानूनभन्दामाथि कोही नभएकाले गलत कामतर्फ नलाग्न मुख्यमन्त्री शाहीले सुझाव दिनुभयो ।रासस

## कोरियामा एकैदिन एकलाख बाह्र हजारभन्दा बढी सङ्क्रमित

**सिन्ह्वा**

सोल। दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात बिहीबार मध्यरातसम्म एक लाख १२ हजार नौ सय एक जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

यसैसँगै यहाँका कूल सङ्क्रमितको सङ्ख्या दुई करोड २ लाख ७३ हजार ११ पुगेको स्वास्थ्य अधिकारीहरुले शुक्रबार बताएका छन्। अघिल्लो दिनको तुलना कोभिड सङ्क्रमण पुनः कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको थियो।

नयाँ केसमध्ये, चार सय ९७ जना आयातीत रहेको जनाइएको छ। यद्यपि ४६ हजार आठ सय १८ जना कोरोनामुक्त भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या ३२० पुगेको छ। यस अवधिमा थप ७ जनाको मृत्यु भएपछि कोरोना सुरुभएबाट हालसम्म कूल मृतक सङ्ख्या २५ हजार एक सय ९१ पुगेको छ। कूल मृत्युदर ०.१२ प्रतिशत रहेको छ।

## जापानका प्रधानमन्त्री किशिदा र अमेरिकी सभामुख पेलोसी वार्ता

**एएनआई**

टोकियो जापान। जापानी प्रधानमन्त्री फुमियो किशिदा र भ्रमणरत अमेरिकी सदनकी सभामुख न्यान्सी पेलोसीले अमेरिकी प्रतिनिधिमण्डलको ताइवान भ्रमणपछि बढ्दो तनावकाबीच ताइवान क्षेत्रमा शान्ति र स्थिरताको महत्त्वमा जोड दिनुभएको छ।



"हामी ताइवान स्ट्रेटमा शान्ति र स्थिरता सुनिश्चित गर्नसँगै काम गर्नेछौं," किशिदाले पेलोसीसँगको भेटपछि सो कुरा उल्लेख गरेको क्योडो न्युजले जनाएको छ। "चीनको व्यवहारले यस क्षेत्र र विश्वको शान्ति र स्थायित्वमा गम्भीर असर पारेको छ र हामीले चीनलई त्यस किसिमका अभ्यास तत्काल रोक्न आह्वान गरेका छौं," उहाँले भन्नुभयो। जापान सरकारले बिहीबार आफ्नो विशेष आर्थिक क्षेत्रमा चिनियाँ सेनाले पाँच वटा ब्यालेस्टिक मिसाइल प्रहार गरेको घटनाप्रति निन्दा गर्दै यसलाई "अत्यन्त जबरर्जस्ती" कार्य रूपमा चित्रण गरेको छ। सभामुख पेलोसीको ताइवान भ्रमणको प्रतिक्रियामा चीनले लाइभ फायर ड्रिल सञ्चालन गरिरहेको छ। चीनले हिजो मात्रै प्रक्षेपण गरेको क्षेप्यास्त्र ओकिनावाको दक्षिणी प्रान्तको हातेरुमा टापुको दक्षिणपश्चिममा रहेको क्षेत्रमा खसेको थियो।

जापानको क्योडो न्युजले टोकियोले बेइजिङलाई तुरुन्तै सैन्य अभ्यास बन्द गर्न भनेको विषय उल्लेख गरेको छ। "यो एउटा गम्भीर मुद्दा हो जुन हाम्रो देशको राष्ट्रिय सुरक्षा र जनताको सुरक्षासँग सम्बन्धित छ," रक्षामन्त्री नोबुओ किशीले बिहीबार बताउँनु भएको छ। फुमियो किशिदा सरकारले चिनियाँ सरकारसमक्ष कूटनीतिक विरोध जनाइसकेको छ। अगस्ट ४ मा चीनले ताइवानको उत्तरपूर्वी र दक्षिणपश्चिमी जलक्षेत्रमा थुप्रै ब्यालेस्टिक मिसाइलहरू प्रक्षेपण गरेको छ जसले ताइवानको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको छ र यस क्षेत्रमा क्षेत्रीय तनाव पनि बढाएको छ।

लाइभ-फायर ड्रिलहरू टापुको वरिपरि रहेका विभिन्न सात क्षेत्रहरूमा शुरु गरिएको छ। चिनियाँ पीएलएले ताइवानको जलक्षेत्र र हवाई क्षेत्र नजिक संयुक्त लडाइ प्रशिक्षण अभ्यास आयोजना गरेको सिन्ह्वा समाचार एजेन्सीले यसअघि नै जनाइसकेको छ। बढ्दो सैन्य गतिविधिले यस क्षेत्रको राजनीतिक र सामरिक सन्तुलनमा फेरबदल आउँन सक्ने देखिन्छ। यसैबीच ताइवान सरकारले अन्तरराष्ट्रिय समुदायलाई ताइवानमाथि चीनको सैन्य दबाबको निन्दा गर्न आग्रह गरेको छ।

सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणको जवाफमा सैन्य अभ्यासको रूपमा गरिएको जापानको विशेष आर्थिक क्षेत्रमा चीनको मिसाइल प्रक्षेपणको पनि संयुक्त राज्य अमेरिकाले निन्दा गरेको छ। राष्ट्रिय सुरक्षा परिषद्का रणनीतिक सञ्चार संयोजक जोन किर्बीले बिहीबार एक ब्रिफिङमा भनेका छन् "हामी यी कार्यको निन्दा गर्छौं जुन गैरजिम्मेवार छन्। यी कार्य ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम गर्ने हाम्रो लामो समयदेखिको लक्ष्यसँग बाझिएको छ।" पेलोसीको यो भ्रमण सन् १९९७ मा न्युट गिंगरिचद्वारा ताइवानमा गरिएको भ्रमणपछि २५ वर्षको अन्तरालमा भएको हो।

## महिला फुटबलमा नेपाल एक स्थान तल झरयो


काठमाण्डु। विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) ले आज जारी गरेको महिलाको नयाँ वरियतामा नेपाल एक स्थान तल झरेको छ। नयाँ वरीयता अनुसार नेपाल १०२औं स्थानमा रहेको हो। यसअघि नेपाल १०१औं स्थानमा रहेको थियो। दक्षिण एसियाली राष्ट्रको वरियतामा भने नेपाल दोस्रो स्थानमा रहेको छ। नेपालभन्दा अघि भारत छ।



भारत ५८ औं स्थानमा छ। बङ्गलादेश १४७, श्रीलङ्का १५३, माल्दिभ्स १५६ र भुटान १७६औं स्थानमा छ। विश्व वरियताको शीर्ष स्थानमा भने अमेरिका छ। यसैगरी दोस्रो स्थानमा जर्मनी छ भने तेस्रो स्थानमा स्वीडेन छ। इङ्ल्यान्ड चौथो स्थानमा रहँदा फ्रान्स पाँचौं स्थानमा छ। नेदरल्याण्ड छैठौं, क्यानडा सातौं, स्पेन आठौं, ब्राजिल नवौं र उत्तर कोरिया १० औं स्थानमा छन्।रासस

## हरेराम स्मृति टेबलटेनिस प्रतियोगिता हुने

काठमाण्डु। हरेराम जोशी स्मृति प्रतिष्ठानको आयोजनामा १६औं हरेराम जोशी स्मृति टेबलटेनिस प्रतियोगिता यसै महिना हुने भएको छ।



यही साउन २७ गतेदेखि शुरु हुने उक्त प्रतियोगितामा दुई सय ९० पुरुष र ६० महिला खेलाडीको सहभागिता रहने प्रतिष्ठानका महासचिव राजेन्द्र कपालीले जानकारी दिनुभयो। प्रतियोगितामा पुरुष/महिला खुला सिङ्गल्स, विभिन्न उमेरसमूह र भेट्रानमा गरी १० स्पर्धामा खेल हुनेछ। भदौ ७ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरु पुल्चोकस्थित गड स्पिन टेबलटेनिस एकेडेमीको हलमा हुनेछ।रासस

## ताइवान तनावले अमेरिकाको मिसाइल परीक्षणमा ढिलाइ



**एएनआई**

वासिङ्टन अमेरिका। अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवानको विवादास्पद भ्रमणपछि चीनसँग थप तनाव उत्पन्न हुन सक्ने सम्भावनलाई मध्य नजर गर्दै संयुक्त राज्य अमेरिकाले नियमित मिनेटम्यान -३ मिसाइल परीक्षण प्रक्षेपणमा ढिलाइ गरेको छ। वाल स्ट्रिट जर्नलले बिहीबार यस किसिमको प्रतिवेदन सार्वजनिक गरेको छ।

सभामुख पेलोसीको ताइवान भ्रमणबाट उत्पन्न हुनसक्ने तनावलाई ध्यानमा राख्दै अमेरिकी वायुसेनाले चीनसँग कुनै पनि असमझदारी बच्न परीक्षण प्रक्षेपण स्थगित गरिएको रिपोर्टमा उल्लेख गरिएको छ।

अमेरिकी अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल प्रणालीको विश्वसनीयताको मूल्याङ्कन गर्ने उद्देश्यले वर्षमा थुप्रै पटक गरिने यो परीक्षण सुरुमा क्यालिफोर्नियाको भान्डेनबर्ग एयर फोर्स बेसमा यस हप्ता हुने बताइएको थियो तर यसमा ढिलाइ भइरहेको छ।

## पश्चिम बङ्गालकी मुख्यमन्त्रीद्वारा प्रधानमन्त्री मोदीसँग भेटवार्ता

**एएनआई**

कलकत्ता। पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभएको छ। प्रधानमन्त्री निवासमा भएको भेटवार्ताका क्रममा उहाँहरूबीच बस्तु तथा सेवा करका बारेमा छलफल भएको अधिकारीहरूले जनाएका छन्।

चार दिने दिल्ली बसाइका क्रममा मुख्यमन्त्री बेनर्जीले राष्ट्रपति द्रोपदी मुर्मुसँग पनि भेटवार्ता गर्नुभएको छ। उहाँले नीति आयोग सञ्चालक परिषद्को बैठकमा सहभागी हुने सम्भावना पनि रहेको छ। प्रधानमन्त्रीले अध्यक्षता गर्ने आयोगको अघिल्लो बर्षको बैठकमा भने उहाँले सहभागिता जनाउनुभएको थिएन।

त्रिमुल काँग्रेस पार्टीकी प्रमुख समेत रहनुभएकी बेनर्जीले बिहीबार आफ्नो पार्टीबाट संघीय संसदमा निर्वाचित नेताहरुसँग बैठक गर्नुभएको थियो। आफ्नो पार्टीका सांसदहरूसँग उहाँले संसदमा सांसद्हरुले खेल्नुपर्ने भूमिकाका बारेमा छलफल गर्नुभएको जनाइएको छ।

त्यसैगरी आगामी सन् २०२४ मा हुने लोकसभा निर्वाचनको तयारी र रणनीतिका बारेमा पनि कुराकानी भएको सांसदहरुले जानकारी दिएका छन्। दिल्लीमा रहेका बेला उहाँले अन्य उच्च पदस्थ अधिकारी तथा विभिन्न क्षेत्रका व्यक्तिहरुसँग पनि छलफल गर्नु भएको छ।

## क्लबमा आगलागी हुँदा १४ को मृत्यु, दर्जन घाइते

**सिन्ह्वा**

बैङ्कक। थाइल्यण्डको चोनबुरी प्रान्तमा रहेको एउटा रात्रि क्लबमा भएको आगलागिमा परी कम्तीमा १४ जनाको मृत्यु भएको छ।

स्थानीय समय अनुसार शुक्रबार राति १ बजे घटना भएको अधिकारीहरूले जानकारी दिएका छन्। आगालागिमा परी अरु १२ भन्दा बढी घाइते भएका छन्। उनीहरूलाई उपचारका लागि स्थानीय अस्पतालमा भर्ना गरिएको छ। घाइते मध्ये नौ पुरुष र चार महिला रहेका छन्। उनीहरु सबै थाइल्याण्डकै नागरिक रहेको जनाइएको छ। घटना भएको थाहा पाउना साथ स्थानीय, प्रहरी र अन्य उद्धारकर्ताहरु घटनास्थलमा पुगेर उद्धार कार्य गरेका थिए। घटनास्थलबाट उद्धारकर्ताहरुले १८ जनालाई उद्धार गरेका थिए। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको बताइएको छ।

घटनाका बारेमा थप अनुसन्धान सुरु गरिसकिएको र दोषीलाई कारबाही गरिने प्रहरी अधिकारीहरुले जनाएका छन्।

## अमेरिकी सभामुख पेलोसीमाथि प्रतिबन्ध लगायो

**एएनआई**

बेइजिङ चीन। चीनले शुक्रबार अमेरिकी संसद्की सभामुख न्यान्सी पेलोसी र उनको निकटतम परिवारका सदस्यविरुद्ध प्रतिबन्ध लगाएको छ। चिनियाँ विदेशमन्त्रीले सो निर्णयको घोषणा गर्दै अमेरिकी तीन शीर्ष अधिकारीहरूमध्येकी पेलोसीले देशको चासोलाई बेवास्ता गर्दै ताइवान भ्रमण गर्न जोड दिएका दिएको बताएको छ।

यो भ्रमणले चीनको आन्तरिक मामिलामा गम्भीर हस्तक्षेप गर्ने, चीनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई कमजोर पार्ने, एक चीन सिद्धान्तलाई कुल्चिने र ताइवान क्षेत्रमा शान्ति र स्थिरतालाई खतरामा पार्ने पनि मन्त्रालयले जनाएको छ। पेलोसीको यो भ्रमण सन् १९९७ मा न्युट गिंगरिचद्वारा ताइवानमा गरिएको भ्रमणपछि २५ वर्षको अन्तरालमा भएको हो।

## पेलोसीको ताइवान भ्रमण "दुर्भावनापूर्ण उत्तेजना": मेदवेदेव

**सिन्ह्वा**

मस्को। रुसी सुरक्षा परिषद्का उपाध्यक्ष दिमित्री मेदभेदेवले बिहीबार अमेरिकी संसदकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणलाई "दुर्भावनापूर्ण उत्तेजना" भनेका छन्।

आरआईए नोवोस्तीसँगको अन्तर्वार्तामा मेदभेदेवले संयुक्त राज्य अमेरिकाले एक चीन नीतिको पालना गरेको दाबी गरे पनि विरोधाभाषपूर्ण अभिव्यक्ति दिएको छ।

जसका उद्देश्य अस्पष्ट छन्। मेदभेदेवले यो भ्रमण एशियामा अन्तरराष्ट्रिय सुरक्षालाई कमजोर पार्ने उद्देश्यले जानजान गरिएको गरिएको उक्साहट भएको बताएका छन्। पेलोसीको भ्रमणले यस क्षेत्रको राजनीति र सुरक्षा चासोको सरगर्मी बढेको छ।

## यूक्रेन, सिरियासम्बन्धमा नेता पुटिन र एर्दोगानबीच भेटवार्ता

**एएफपी**

इस्तानबुल। रूस-यूक्रेनबीच जारी युद्ध रोक्ने र सिरियामा नयाँ द्वन्द्वको सम्भावित अनुमानबीच रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र उहाँका समकक्षी रेसेप तैयप एर्दोगानबीच शुक्रबार भेटवार्ता हुनेभएको छ। वार्ता मुख्यतया रूसले गत फेब्रुअरीमा यूक्रेनविरूद्ध सुरू गरेको युद्ध रोक्ने र सिरियामा सम्भावित नयाँ द्वन्द्वलाई रोक्ने बिषयमा केन्द्रित हुने बताइएको छ।

एर्दोगानले 'ब्ल्याक सी' को बाटो यूक्रेनी अन्न ढुवानी पुनः सुरु गर्न गरेको मध्यस्थतामा उत्कृष्ट कूटनीतिक सफलता पाएपछि उहाँ आफ्ना अधिकांश प्रमुख मन्त्रीहरूसहित १७ दिनपछि पुटिनसँग दोस्रो वार्ताका लागि सोची पुग्नुभएको हो।

तर रूस-यूक्रेन युद्धका कारण तनाव जारी छ। गत महिना तेहरानमा पुटिनले एर्दोगानसँग उत्तरी सिरियामा कुर्दिश लडाकूविरुद्ध टर्कीको योजनामा बनाइएको कुनै पनि नयाँ आक्रमण रूस हेरेर नबस्ने बताउनुभएको सन्दर्भले पनि दुई नेताबीचको वार्तालाई महत्व दिने अनुमान गरिएको छ।



विश्लेषकहरूको विचारमा यी तनावहरू 'प्रतिस्पर्धात्मक सहयोग'को आधार हुन् जसले विगत २० वर्षमा दुई नेताहरूको सम्बन्धलाई परिभाषित गरेको छ।

ती दुई नेताबीच गोप्य वार्ता हुने र सँगै भोज गर्ने अनुमान गरिएको छ।

यूक्रेन माथिको रूसको युद्धले टर्कीको छविलाई प्रमुख भूराजनीतिक खेलाडीको रूपमा पुनः स्थापित गरेको छ र एर्दोगानलाई गत केही वर्षमा तुलनात्मक बढी महत्व दिएको युरोपेली काउन्सिल अन फरेन रिलेशन्सका अस्ली अयडिन्टस्बासले गत हप्ता सार्वजनिक एक प्रतिवेदनमा उल्लेख गरेका थिए। युक्रेनमाथि पश्चिमसँग मस्कोको ऐतिहासिक विवादको सामना गर्न नाटो सदस्य टर्कीले गरेको प्रयासको प्रतिफल हुन थालेको छ।

महिनौंको टर्की प्रयासपछि मस्को र कीभले गत महिना इस्तानबुलमा युक्रेनी बन्दरगाहबाट अन्न वितरण पुनः आरम्भ गर्न संयुक्त राष्ट्रसंघको मध्यस्थतामा भएको सम्झौतामा हस्ताक्षर गरेका थिए। यूक्रेनबाट बुधबार पहिलो जहाजले इस्तानबुल हुँदै अन्न निर्यात गरेको थियो। युद्धको कारण विश्वव्यापी खाद्य संकट कम गर्न बनाइएका ऐतिहासिक सम्झौताअन्तर्गत टर्की, आयरल्याण्ड र बेलायतका बजारहरूका लागि तोकिएको थप तीनवटा जहाजहरूले शुक्रबार समुद्री यात्रा तय गरेका छन्।

टर्की यस सफलतालाई पुटिन र यूक्रेनी राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीबीच इस्तानबुलमा भएको वार्तामा रूपान्तरण गर्न चाहन्छ। यस हप्ता एशियामा रूसी समकक्षी सर्गेई लाभरोभसँगको वार्तापछि टर्कीका विदेश मन्त्री मेभलुत काबुसोग्लूले भन्नुभयों,खाद्यान्न निर्यात सम्झौता स्थायी युद्धविरामको अवसर हुन सक्नेबारे छलफल भएको बताएका थिए। रूसको सेनाले सिरियाली राष्ट्रपति बशर अल-असदलाई टर्कीद्वारा समर्थित समूहहरूको एक दशक लामो विद्रोहबाट बच्न मदत गरेको छ भने टर्कीको 'राज्यविद्रोह'सँग सहकार्य गरेको दावी गरिएको कुर्दिस 'आतंकवादी' समूहसँग टाढा रहने मौजूदा बफर क्षेत्र विस्तार गर्न उत्तरी सिरियामा आक्रमण गर्ने चेतावनी एर्दोगानले दिनुभएको छ। यस बिषयले रूस र टर्कीबीचको सम्बन्धलाई फाटो पार्ने गरेको छ।

## भारतमा कोरोना सङ्क्रमणमा पुनःवृद्धि

**सिन्ह्वा**

नयाँदिल्ली। भारतमा बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको संख्या २० हजार नाघेको छ। शुक्रबार बिहान केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार हिजो एक दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या २० हजार ५५१ पुगेको छ।

देशमा हाल कोरोना सङ्क्रमितको संख्या चार करोड ४१ लाख ७ हजार पाँच सय ८८ पुगेको छ। गत दुई दिनयता २० हजार भन्दा कम भएको कोरोना सङ्क्रमित शुक्रबार पुनः २० हजार नाघेको छ।

देशभर एक लाख ३७ हजार ५७ जना सक्रिय सङ्क्रमित छन्। यसैगरी २१ हजार पाँच सय ९५ सङ्क्रमणमुक्त भएका छन्। योसँगै कोरोना सङ्क्रमिणमुक्त भएकाको सङ्ख्या चार करोड ३४ लाख ४५ हजार छ सय २४ पुगेको छ। हिजो २४ घण्टाको अवधिमा कोरोना सङ्क्रमणबाट ७० जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट पाँच लाख २६ हजार छ सय जनाको मृत्यु भएको छ। महामारी सुरु भएयता ८७ करोड ७७ लाखभन्दा बढीको परीक्षण गरिएको छ।

सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ। अभियानअन्तर्गत हालसम्म दुई अर्ब पाँच करोड भन्दा बढी मात्रा खोप लगाइएको छ।

## अमेरिकामा जनस्वास्थ्य सङ्कट घोषणा

**सिन्ह्वा**

लस एन्जेलस। मङ्कीपक्सका सङ्क्रमित बढेपछि अमेरिकामा जनस्वास्थ्य सङ्कटकालको घोषणा गरिएको छ। अमेरिकी सरकारले बिहीबार सो घोषणा गरेको हो। यहाँको स्वास्थ्य तथा मानवीय सेवा विभागले सो घोषणा गरेको हो।

उक्त विभागका तर्फबाट बिहीबार आयोजना गरिएको पत्रकार सम्मेलनमा अमेरिकामा मङ्कीपक्सको अवस्था दिन प्रतिदिन बढ्दै गएपछि सो घोषणा गरिएको बताइएको थियो। विश्व स्वास्थ्य सङ्गठनले मङ्कीपक्सलाई विश्वव्यापी समस्याका रुपमा घोषणा गरेको एक हप्तापछि अमेरिकाले पनि आफ्नो देशमा जनस्वास्थ्य सङ्कटकाल घोषणा गरेको हो। अमेरिकामा बिहीबारसम्ममा छ हजार ६०० जनामा यो सङ्क्रमण देखिएको बताइएको थियो। सो पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार विश्वमा हाल देखा परेको मङ्कीपक्सको सङ्क्रमणमध्ये अमेरिकामा मात्र २५ प्रतिशत पाइएको हो। विश्वका कैयौं देशमा मङ्कीपक्सको सङ्क्रमण देखिएको छ। विश्वमा हाल २५ हजार ८०० जनामा यो सङ्क्रमण पाइएको बताइएको छ।


अहिले पनि विश्वका कतिपय देशमा यसको सङ्क्रमण दिन प्रतिदिन बढ्दै गएका समाचार आइरहेका छन्। अमेरिकाका न्युयोर्क, क्यालिफोर्निया र इलिनोइसमा यो सङ्क्रमणका बढी सङ्क्रमितहरु पाइएका बताइएको छ।

## अमेरिकाद्वारा चीनलाई पेलोसीको ताइवान भ्रमणबारे उत्तेजित नहुन आग्रह

**एएनआई**

वाशिंगटन अमेरिका। संयुक्त राज्य अमेरिकाले जापानको विशेष आर्थिक क्षेत्रमा चीनद्वारा गरिएको मिसाइल प्रक्षेपणको निन्दा गरेको छ। उक्त परीक्षण सैन्य अभ्यासको एक भाग थियो। उनले चीनलाई पेलोसीको ताइवान भ्रमण बारे उत्तेजित नहुन आग्रह गरेका छन्।

अमेरिकी संसद्की सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणको प्रतिक्रियास्वरूप चीनले सो कदम चालेको राष्ट्रिय सुरक्षा परिषद् रणनीतिक सञ्चार संयोजक जोन किर्बीले बताएका छन्। अगस्ट ४ मा चीनले ताइवानको उत्तरपूर्वी र दक्षिणपश्चिमी जलक्षेत्रमा थुप्रै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेको छ जसले ताइवानको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको छ र यस क्षेत्रमा क्षेत्रीय तनाव पनि बढाएको छ।रासस



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ राम्चेमा बीउका लागि स्थानीय प्रविधिबाट बनाएको ऱ्याकमा भण्डारण गरेको आलु । *तस्बिरः रासस*

# बाख्रापालक कृषक समूहलाई २० लाख अनुदान



कास्की । पोखरा महानगरपालिकाले व्यावसायिक बाख्रापालक कृषकलाई प्रोत्साहन गर्न रु २० लाख अनुदान वितरण गरेको छ ।

महानगरपालिका पशु सेवा शाखाद्वारा बिहीबार आयोजित बाख्रा मेला प्रदर्शनी तथा अनुदान वितरण कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले महानगरका चार कृषक समूहलाई रु पाँच लाखका दरले अनुदान विरतण गर्नुभएको हो ।

'मेयरमैत्री बाख्रापालन प्याकेज' कार्यक्रमअन्तर्गत महानगरले बर्सेनि बाख्रापालक कृषक तथा कृषक समूहलाई अनुदान तथा सहयोग रकम प्रदान गर्दै आएको छ । यस वर्ष अनुदानप्राप्त गर्ने कृषक समूहमा मिलीजुली बाख्रापालन कृषक समूह पोखरा-१३ आर्वा, सराङकोट बाख्रापालन समूह पोखरा-१८, लगनशील बाख्रापालन कृषक समूह पोखरा-३२ र बेगनास बाख्रापालन समूह पोखरा-३१ छन् । अनुदानबाट प्रत्यक्षरूपमा एक सयभन्दा बढी कृषक लाभान्वित भएको महानगर पशु सेवा शाखा प्रमुख नवराज अधिकारीले बताउनुभयो ।

कार्यक्रममा मौजा हिल लाइभस्टक फार्म पोखरा-२० का कृषक दुर्गा बहादुर गुरुङलाई पोखराका विभिन्न स्थानलाई बाख्रापालनको पकेट क्षेत्रका रूपमा विकास गर्न तथा कृषकलाई प्रोत्साहन गर्ने कार्यमा उल्लेखनीय योगदान गरेवापत 'सर्वोत्कृष्ट वर्ष कृषक' सम्मानबाट पुरस्कृत गरिएको थियो । यसैगरी पोखरा महानगरपालिकाभित्र रहेका १७ उत्कृष्ट कृषि फार्मलाई पनि सम्मान गरिएको छ । सम्मानित कृषकका प्रत्येक फार्ममा एक सय बढीको सङ्ख्यामा बाख्रा पालिएका छन् । कार्यक्रममा महानगर प्रमुख आचार्यले आगामी पाँच वर्षभित्रमा महानगरपालिकालाई तरकारी, दूध, अण्डा, मासु तथा फलफूलमा आत्मनिर्भर बनाइने बताउनुभयो ।

कृषकलाई निर्वाहमुखीभन्दा पनि व्यवसायीकरणमा जोड दिँदै उहाँले महानगर कृषकको साथमा रहेको विश्वास दिलाउनुभयो । कृषि उपजको ढुवानी तथा बजारीकरणका लागि शीतभण्डारसहितको कृषि एम्बुलेन्स सञ्चालन गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।रासस

# एकै पटक सञ्चालनमा आए प्राधिकरणका तीन ठूला सवस्टेशन



काठमाण्डु । आखिर गरे के हुँदो रहेनछ । सरकारको स्पष्ट दिशा निर्देश । नेपाल विद्युत् प्राधिकरणको निरन्तरको अनुगमन तथा परिचालन । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको निरन्तर समन्वयका कारण एकै पटक पूर्वी नेपालका तीन ठूला सवस्टेशन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ ।

प्रसारण पूर्वाधारको अभावमा निर्माण सम्पन्न भएका जलविद्युत् आयोजनाले अब भने बिजुली खेर फाल्नुपर्ने छैन । निर्माणमा रहेका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाले पनि अब निश्चिन्त भएर लगानी गर्न सक्ने भएका छन् । उच्च क्षमताका प्रसारण पूर्वाधारका कारण पूर्वी नेपालका पहाडी क्षेत्रमा निर्माणमा जाने तयारीमा रहेका आयोजनाले अब पूर्ण क्षमतामा आयोजना सञ्चालन गर्न सक्नेछन् । प्राधिकरणले एकै दिन २२० किलो भोल्ट क्षमताका तीन सवस्टेशन सञ्चालनमा ल्याएको छ ।

प्राधिकरणले निर्माण सम्पन्न भएका सुनसरीको इनरुवा र सङ्खुवासभाको तुम्लिङटार तथा बानेश्वर २२० केभी सबस्टेशनमा बिहीबारबाट विद्युत् प्रवाह (चार्ज) गरी सञ्चालनमा ल्याएको छ । कूल २२०/१३२/३३ केभी तुम्लिङटार र २२०/३३ केभी बानेश्वर सवस्टेशनमा क्रमशः २६० एमभिए र ६० एमभिए क्षमताका पावर ट्रान्सफर्मर जडान भएका छन् ।

साथै कोशी करिडोर प्रसारण लाइन आयोजनाअन्तर्गत इनरुवा-तुम्लिङटार खण्ड सिङ्गल सर्किट प्रसारण लाइन २२० केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको छ । प्रसारण लाइनको लम्बाइ एक सय पाँच किलोमिटर छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रसारण लाइन र सवस्टेसन सञ्चालनमा आएपछि प्रदेश नं १ का पहाडी जिल्लामा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न र वितरणका लागि मेरुदण्डका रुपमा पूर्वाधार तयार भएको जानकारी दिनुभयो । कूल २२० केभी प्रसारण लाइन र सवस्टेशन सञ्चालनमा आएपछि त्यस क्षेत्रमा भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय भएको उहाँले उल्लेख गर्नुभयो ।

"मोरङ-सुनसरी औद्योगिक करिडोरमा सुनसरीको दुहवी सवस्टेसनबाट मात्र आपूर्ति हुँदा भोल्टेज, ट्रिपिङलगायतको समस्या थियो, अब दुहवी सवस्टेशनको लोड इनरुवा सबस्टेसनमा सार्न सकिने भएकोले उद्योगलाई थप विद्युत दिन सकिन्छ साथैं भोल्टेज,ट्रिपिङलगायतका समस्या समाधान हुन्छ", उहाँले भन्नुभयो ।

संखुवासभा, भोजपुर र तेह्रथुम जिल्लाका विद्युत् आयोजनाका विद्युत गृह पनि ट्रिपिङ हुने समस्या थियो । अब त्यो समस्या पनि समाधान हुनेछ, कोशी करिडोर प्रसारण लाइनामार्फत आएको विद्युत् त्यस क्षेत्रमा खपत गरी बढी भएमा धनुषाको ढल्केबर सबस्टेशनमार्फत भारततर्फ निर्यात गर्न सकिने छ ।

नेपाल सरकारको लगानी र विश्व बैंकको सुहलितपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाअन्तर्गत मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरणका लागि २२०/१३२/३३ केभी इनरुवा सवस्टेशनको निर्माण गरिएको हो । नेपाल सरकारको लगानी र भारत सरकारको निर्यात आयात (एक्जिम) बैंकको सहुलितपूर्ण ऋणमा कोशी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत तुम्लिङटार, वसन्तपुर र बानेश्वरमा सवस्टेसन र प्रसारण लाइनको निर्माण गरिएको हो । इनरुवा सवस्टेसन सञ्चालनमा नआएकाले इनरुवा-वसन्तपुर-तुम्लिङटार प्रसारण लाइनलाई अस्थायी रुपमा ३३ केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको थियो । संखुवासभाको किटिंगीडाँडादेखि सुनसरीको धरानसम्म ६६ किमि प्रसारण लाइन गत भदौदेखि ३३ केभीमा चार्ज गरिएको थियो ।

प्रसारण लाइन र सवस्टेसनमा सञ्चालनमा आएपछि त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि स्रोत उपलब्ध हुँदा प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउने घिसिङले उल्लेख गर्नुभयो । सुनसरी-मोरङ औद्योगिक करिडोको विद्युत् आपूर्ति सुधार, सुदृढीकरण र थप संरचनाका लागि इनरुवा सवस्टेसनबाट विराटनगरसम्म २३ किलोमिटर १३२ केभी प्रसारण लाइन र सबस्टेसन निर्माणाधीन छन् ।

इनरुवा सबस्टसनमै ग्यास इन्सुलेटेड प्रणालीमा आधारित (जिआईएस) ४०० केभी सवस्टेसनको निर्माण अन्तिम चरणमा पुगेको छ । ४०० केभी सवस्टेशन निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्ने प्रसारण प्रणालीका लागि इनरुवा सवस्टेशन अर्को ठूलो हब बन्ने छ ।

अरुण तथा तमोर नदी र त्यसका सहायक खोलामा निर्माण गरिएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् कोशी करिडोर २२० केभी प्रसारण लाइनमार्फत इनरुवा सबस्टेसनमा जोडिने छ । कोशी करिडोरअन्तर्गत वसन्तपुर-दुङ्गेसाँघु (ताप्लेजुङ) खण्ड र वसन्तपुरमा २२० केभीका सवस्टेसनको निर्माण ६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको आयोजना प्रमुख शुक्र देवकोटाले बताउनुभयो । कोशी करिडोरको २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत सुनसरीको इनरुवावाट संखुवासभाको वसन्तपुर, बानेश्वर हुँदै तुम्लिङटारसम्मको २२० केभी डबल सर्किट टावर निर्माण गरिएको छ भने टावरको एक तर्फ मात्र तार तानिएको छ ।

अनुमानित लागत ११ करोड २० लाख अमेरिकी डलर रहेको प्रसारण लाइन आयोजना नेपाल सरकारको लगानी र भारत सरकारले एक्जिम बैंक दिएका सहुलितपूर्ण ऋणमा निर्माण भएको हो । एक्जिम बैंकबाट आयोजनाका लागि नौ करोड अमेरिकी डलर सहुलितपूर्ण ऋण प्रवाह भएको छ । कोशी करिडोर प्रसारण लाइन आयोजनामार्फत तुम्लिङटारदेखि वसन्तपुरसम्म करिब एक हजार मेगावाट, दुङ्गेसाँघु (ताप्लेजुङ) देखि बसन्तपुरसम्म करिब एक हजार मेगावाट र वसन्तपुरदेखि इनरुवासम्म करिब दुई हजार मेगावाट विद्युत् प्रसारण गर्न सकिन्छ ।


अरुण र तमोर नदी र तिनीहरूका सहायक नदीबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रसारण ग्रिडमा आबद्ध गर्न निर्माणधीन कोसी करिडोर नेपालको हालसम्मको सबभन्दा लामो दूरीको २२० केभी प्रसारण लाइन हो ।

एक नम्बर प्रदेशका भोजपुर, संखुवासभा, तेह्रथुम र ताप्लेजुङमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न कोशी करिडोरको निर्माण गरिएको हो । प्राधिकरणले निजी क्षेत्रका २८ आयोजनाको ५१६ मेगावाट विद्युत् यही प्रसारण लाइनमा जोड्ने गरी विद्युत् खरिद सम्झौता (पीपीए) गरिसकेको छ ।रासस

# नेप्से परिसूचकको ओरालो यात्रा कायमै

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि ओरालो लागेको छ । शेयर कारोबार हुने साताको अन्तिम दिन शुक्रबार नेप्से परिसूचक ३४ दशमलव६१ अङ्कले ओरालो लागेर दुई हजार ११३ दशमलव५५ अङ्कमा सीमित भएको छ ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँचदशमलव८० अङ्कले ओरालो लागेर ४०६ दशमलव ४५ मा ओर्लेको छ । कूल दुई सय १३ कम्पनीको ६४ लाख १६ हजार ६२९ कित्ता शेयर रु दुई अर्ब ६२ करोड ६१ हजार ५४ हजार ९४८



मा खरिद बिक्री भए ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषले मात्रै कमाएको छ । अन्य १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । सामूहिक लगानी कोष शुन्ना दशमलव १३ अङ्कले उकालो लाग्दा बैंकिङ २२ दशमलव१६, व्यापार ६२ दशमलव ६५, होटल तथा पर्यटन २५ दशमलव ७३, विकास बैंक ८६ दशमलव ७१, जलविद्युत् ३९ दशमलव ५४, वित्त ६५ दशमलव २९, निर्जीवन बीमा ९५दशमलव ३२, उत्पादन ६७ दशमलव ८४, अन्य नौ दशमलव १६, लघुवित्त ११६ दशमलव१७, जीवन बीमा ११९ दशमलव ९९ र लगानी एक दशमलव पाँच अङ्कले ओरालो लागेको छ ।

शुक्रबारको कारोबारपछि बजार पुँजीकरण रु ३० खर्ब १५ अर्ब ८९ करोड ३९ लाख ६२ हजार ५०९ नौ बराबर रहेको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १५ करोड ६६ लाख २९ हजार ९३८ बराबरको कारोबार भयो । यस्तै नबिल बैंक रु १४ करोड १४ लाख १४ हजार ३४७, हिमालयन डिस्टिलरी रु नौ करोड ६४ लाख २४ हजार, अपि पावर कम्पनी रु पाँच करोड ६७ लाख ८० हजार १४० र अरुण काबेली पावरको रु पाँच करोड ६० लाख १३ हजार ५२५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार जोशी हाइड्रोपावर पाँच दशमलव ९१, ग्लोबल आइएमबई समुन्नत स्किम एक तीन दशमलव ९४, उपकार लघुवित्त तीन दशमलव१४, कालिका लघुवित्त तीन दशमलव १० र बलेफी हाइड्रोपावरका लगानीकर्ताले दुई दशमलव ५९ प्रतिशतले कमाए । त्यस्तै, मैलुङ खोला जलविद्युत् कम्पनी सात दशमलव १८, गुह्येश्वरी मर्चेन्ट बैंक छ दशमलव ४२, युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर छ दशमलव ३७, सामलिङ पावर कम्पनी पााच दशमलव ६९ र इमर्जिङ नेपालका लगानीकर्ताले पाँच दशमलव ४४ प्रतिशतले गुमाएका छन् ।रासस

# बढ्यो सुनको मूल्य



काठमाण्डु । सुनचाँदी बजारमा शुक्रबार छापावाल सुनको मूल्य प्रतितोला रु ९६ हजार ८०० तोकिएको छ ।

अघिल्लो दिन प्रतितोला रु ९६ हजार १०० मा कारोबार भएको पहेँलो धातु आज प्रतितोला रु ७०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार ३०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९५ हजार ६०० थियो ।

त्यस्तै शुक्रबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार २२० तोकिएको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।रासस

# तनहुँमा ५२ प्रतिशत विकास बजेट खर्च

दमौली । तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा ५२ प्रतिशत विकास बजेट खर्च भएको छ । उक्त वर्ष सङ्घ र प्रदेश सरकारबाट विनियोजित कूल विकास बजेट रु पाँच अर्ब ९५ करोड ३६ लाख ३६ हजार छ सय ९० मध्ये आधा बजेट मात्र खर्च भएको हो । उक्त अवधिमा जिल्लामा रु तीन अर्ब १२ करोड ६१ लाख नौ हजार आठ सय ३५ मात्र खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ । प्रमुख कोष नियन्त्रक किशोरकुमार श्रेष्ठका अनुसार उक्त वर्ष खर्च हुन नसकेर रु दुई अर्ब ८२ करोड ७५ लाख ३६ हजार आठ सय ५५ फिर्ता भएको छ ।

सङ्घ सरकारबाट दुई अर्ब २३ करोड ७७ लाख ९९ हजार छ सय एक खर्च हुन नसकी फिर्ता भएको छ भने प्रदेश सरकारबाट रु ५८ करोड ९७ लाख ३७ हजार दुई सय ५४ खर्च हुन नसकेको कार्यालयले जनाएको छ । सङ्घ सरकारबाट उक्त वर्ष विकास बजेटतर्फ रु तीन अर्ब ६२ करोड २९ लाख ६३ हजार छ सय ९० विनियोजन भएको थियो । उक्त वर्ष रु एक अर्ब ३८ करोड ५१ लाख ६४ हजार ८९ मात्रै खर्च भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारबाट विकास बजेटतर्फ रु दुई अर्ब ३३ करोड ६ लाख ८३ हजार विनियोजन भएकामा रु एक अर्ब ७४ करोड नौ लाख ४५ हजार सात सय ४६ मात्रै खर्च भएको छ । सङ्घ

**कालिगण्डकी बहुप्राविधिक शिक्षालयले रु एक करोड १७ लाख ५५ हजार सात सय १६, सामाजिक विकास कार्यालयले रु दुई करोड ५२ लाख ४२ हजार दुई सय ९१, दमौली अस्पतालले रु ४५ लाख ७५ हजार तीन सय २४, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले रु १६ लाख ४३ हजार दुई सय ३५ खर्च गरेको छ ।**

सरकारको विकास बजेटखर्च ३८ प्रतिशत र प्रदेश सरकारको रु ७४.६८ प्रतिशत छ ।

चालुतर्फ भने ९५ प्रतिशत बजेट खर्च भएको छ । चालुतर्फ रु आठ अर्ब ६२ करोड २८ लाख दुई हजार आठ सय ८७ बजेट खर्च भएको छ । चालुतर्फ कर्मचारी, शिक्षक लगायतको बजेट रहने भएकाले खर्च बढी हुने गरेको कार्यालयले जनाएको छ । प्रदेश सरकारबाट चालुतर्फ रु ८५ करोड ४४ लाख ३३ हजार र पुँजीगततर्फ रु दुई अर्ब ३३ करोड छ लाख ८३ हजार विनियोजन भएको थियो । सङ्घ सरकारअन्तर्गत भानुभक्त प्राणी उद्यानले पुँजीगततर्फ रु एक करोड ७२ लाख ३० हजार छ सय १६, सडक डिभिजन कार्यालयले रु ४३ करोड ७९ लाख ८५ हजार आठ सय ८०, मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड)ले रु ५७ करोड चार लाख ४२ हजार ९६, जगदल गणले रु एक करोड २० लाख नौ हजार ७७, नयाँ शहर आयोजना कार्यालयले रु १० करोड ३४ लाख ७१ हजार छ सय सात, शिक्षा विकास तथा समन्वय इकाईले रु छ करोड ५५ लाख ४८ हजार सात सय ५१, जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रले रु एक करोड ३८ लाख छ हजार दुई सय दुई खर्च गरेको छ ।

भानु नगरपालिकाले रु एक करोड ८६ लाख नौ हजार, भिमाद नगरपालिकाले रु एक करोड ४४ लाख २७ हजार छ सय नौ, व्यास नगरपालिकाले रु ५५ लाख १७ हजार तीन सय १२, ऋषिङ गाउँपालिकाले रु ७५ लाख ७० हजार, देवघाट गाउँपालिकाले रु एक करोड २३ लाख ३० हजार छ सय सात र म्याग्दे गाउँपालिकाले रु एक करोड ४१ लाख ८० हजार पाँच सय १३ खर्च गरेको छ । प्रदेश सरकारअन्तर्गत भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले रु दुई करोड ९० लाख ३१ हजार एक सय ५१, डिभिजन वन कार्यालयले रु एक करोड ६४ लाख ९९ हजार ४८, भू तथा जाधाार व्यवस्थापन कार्यालयले रु चार करोड २९ लाख ९८ हजार पाँच सय ३४, पूर्वाधार विकास कार्यालयले रु ८३ करोड ३४ लाख पाँच हजार चार सय २६, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले रु १६ करोड ३६ लाख ५७ हजार चार सय १३, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रु ५८ लाख ५६ लाख छ हजार चार सय चार खर्च गरेको छ ।

कालिगण्डकी बहुप्राविधिक शिक्षालयले रु एक करोड १७ लाख ५५ हजार सात सय १६, सामाजिक विकास कार्यालयले रु दुई करोड ५२ लाख ४२ हजार दुई सय ९१, दमौली अस्पतालले रु ४५ लाख ७५ हजार तीन सय २४, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले रु १६ लाख ४३ हजार दुई सय ३५ खर्च गरेको छ ।रासस


## प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित ७ (सात) दिने सार्वजनिक सूचना

सर्लाही जिल्लाको पर्सा गाउँपालिका वडा नं. २ मा बस्ने महेन्द्र राय यादवको कि.नं. १९१, क्षेत्रफल १-०-० मा र जिल्ला सर्लाही, पर्सा गा.पा. वडा नं. ४ मा बस्ने बैधनाथ महतोको जग्गा कि.नं. ७८ क्षेत्रफल ०-१७.५ जग्गामा फिक्स प्रविधिबाट ईटा उत्पादन गर्ने उद्देश्य रहेको श्री जोश ईटा उद्योग स्थापना गर्न लागिएको हुदाँ उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरीएको छ ।

**राय सुझाव दिने स्थान:**

१. **घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवा ।**
२. **पर्सा गा.पा. को कार्यालय, पर्सा, सर्लाही ।**
३. **पर्सा गा.पा. वडा नं.-२ को कार्यालय र पर्सा गा.पा. वडा नं.४ को कार्यालय, सर्लाही ।**

**प्रस्तावक**

**नाम : महेन्द्र राय यादव**

**ठेगाना : पर्सा गा.पा. वडा नं. २**

# उपमेयर र उनका श्रीमान संग दुई देशको नागरिकता

**टुडे समाचारदाता**


राजविराज । सप्तरीको डाक्नेश्वरीनगरपालिकाकाउपमेयर र उनका श्रीमानले किर्ते गरी दुई देशको नागरिकता लिएको भन्दै छानबिनको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको छ।

उपमेयर मीरा कुमारी यादव र उनका श्रीमान महेन्द्र यादवले किर्ते गरी नेपाल र भारत दुबै देशको नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको छ।

उजुरी उपर शुक्रवार देखी आवश्यक छानबिन थालिएको प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले जानकारी दिएका छन् । किर्ते गरी दुबै देशको नागरिकता लिएको प्रमाण सहित बुझाइएको उजुरीका उजुरीकर्ताको नाम भने अहिले खुलाइएको छैन।

प्रजिअ गौतमले भने-"हिजो मात्र उजुरी आइपुगेको छ, आज देखि वास्तविकता बुझ्ने काम थालेका छौं ।" उजुरी बारे गृहमन्त्रालय, जिल्ला प्रहरी कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत जानकारी गराइएको उनले जानकारी दिए।

उजुरी मार्फत किर्ते गरी नेपाली नागरिकता लिने उपमेयर मीरा र उनका श्रीमान महेन्द्रमाथि नागरिकता ऐन २०६३ को दफा १२ बमोजिमको कारवाही गर्दै




पदबाट निलम्बन गरी हदै सम्मको सजाय गर्न माग गरिएको छ।

मीरा र उनका श्रीमान् महेन्द्र भारत बिहार राज्य अन्तर्गत मझारी ग्राम पंचायत, अंचल निर्मली जिल्ला सुपौल निवासी भएको दाबी समेत उजुरी पत्रमा उल्लेख छ । उजुरी पत्रमा उनीहरुको नाममा जारी भएको भारतीय आधार कार्ड तथा भारतको विहार राज्यको विधानसभामा निर्वाचनका लागि तयार गरिएको मतदाता नामावलीमा समेत समावेश भएको विवरण पनि संलग्न छ।

बिहार राज्यको विद्यानसभा निर्वाचन नियमावली २०२२ मा मीराको मतदाता क्रम संख्या ६३३ र उनका श्रीमान महेन्द्रको ६३२ रहेको उल्लेख छ । उजुरी पत्रमा उनीहरुले भारत सरकारको निर्वाचन आयोग बाट लिएका फोटो सहितको पहिचान पत्र र सपथ पत्र पनि समावेश गरिएको छ।

उपमेयर मीराले भने उक्त आरोप निराधार रहेको दाबी गरेकी छन् । "मेरो माईती सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका र घर डाक्नेश्वरी नगरपालिका मै हो,उनले भनीन-' विपक्षीले मलाइ फसाउन यस्तो झुटो कुरा प्रचारमा ल्याएका छन्।

चुनाव हारेकाहरु विभिन्न वहाना र निहुँमा मलाई फसाउन खोजेका हुन् , उनले भनिन- 'मैले कहिल्यै भारतको नागरिकता लिएको छैन।"

उनले विपक्षीले बुझाएको सबै प्रमाण नक्कली रहेको दाबी समेत गरेकी छन्।

# खडक नगरपालिकाले सूचना उपलब्ध गराउन मानेन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको खडक नगरपालिकाले सूचना मागको निवेदन दर्ता गर्न नमानेको एक संचारकर्मीले आरोप लगाएका छन्। पत्रकार बृजमान तामाङले नगरपालिकामा सूचना माग गरी निवेदन दिँदा दर्ता गर्न नमानेको गुनासो गरेका छन्।

समचार प्रयोजनका लागि सार्वजनिक सरोकारको सूचना उपलब्ध गराउन भनी पेश गरेको निवेदन नगरपालिकाले दर्ता गर्न नमानेको पत्रकार तामाङले जानकारी दिए । नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा १ बमोजिम सूचना शाखामा निवेदन पेश गर्दा दर्ता गर्न अस्विकार गरेको उनले बताए।

समाचार प्रयोजनका लागि सूचनाको हक सम्बन्धी ऐनको दफा ३ को उपदफा ४ तथा दफा ७ को उपदफा २ र ४ बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पेश गरेको निबेदन दर्ता गर्न नमानेको उनले बताए । सूचना अधिकारी मनोज कुमार साहलाई निबेदन दिए, पत्रकार तामाङले भने-'सूचना अधिकारीले हाकिमको तोक आदेश विना सूचना दर्ता नगर्ने अडान लियो, हाकिमबाट तोक लगाएर ल्याउन भनी त्यसै फर्काइ दिए। प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्णले सूचना दिन नसक्ने भन्दै तोक लगाउन नमानेको पत्रकार तामाङले बताए।

सूचना अधिकारीले हाकिमकहा पठाएपछि प्रमुख प्रशासकीय अधिकृत कर्णको कार्यकक्षमा पुगे पत्रकार तामाङले भने, हाकिम सावलाई निवेदनमा माग अनुसारको सूचना उपलब्ध गराई दिनुभन्दा सूचना दिन सकिदैन भन्दै तोक लगाउन समेत अस्विकार गरे । नगरपालिकाले कोभिड




१९ रोगको नियन्त्रण तथा व्यबस्थापनका लागि स्वास्थ्य तथा सुरक्षा सामग्री खरिदमा व्यापक अनियमितता गरेको, कर्मचारीहरुले मनपर्दो पेश्की बाँडफाँट गरेको, औषधि खरिदमा अनियमितता गरेको, कामै सम्पन्न नगरेको योजनाको समेत भुक्तानी लिएको भन्ने जनगुनासो बढेपछि सोही विषय सहितको आवश्यक सूचना माग गरी निवेदन दर्ता गराउन जाँदा प्रमुख प्रशासकीय अधिकृत कर्णले सूचना दिन नमिल्ने भनी फर्काई दिएको पत्रकार तामाङले जानकारी दिए।


सूचना अधिकारी साहले हाकिमले तोक आदेश नगरेकोले निवेदन दर्ता नगरेको बताए । खडक नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीहरुको मिलोमतोमा कामै नगरी करोडौं बजेट दुरुपयोग गरेको स्थानीयबासीहरुले आरोप लगाएका छन्।

## १० लाखको मन्दिर एक हप्तामै भत्कियो

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको खडक नगरपालिका १ स्थित शिस्वामा निर्माण गरिएको ससिया मन्दिर एक हप्तामै भत्किएको छ। कमिनसनको प्रलोभनमा कमसल निर्माण सामग्रीको प्रयोग हुँदा उक्त मन्दिर भत्किएको छ।

नगरपालिकाको १० लाखको लागतमा निर्माण गरेको मन्दिर एकसातामै भत्किएको स्थानीयले बताएका छन् । उपभोक्ता समिति, जनप्रतिनिधि र कर्मचारीको मिलोमतोमा आर्थिक अनियमितता गर्ने मनसायले कमजोर कार्य भएकोले मन्दिर भत्किएको उनीहरुले



जानकारी दिए।

असार २३ गते ढलान गरेको मन्दिरको माथिलो ट्प असार ३१ गते भत्किएको स्थानीयले जानकारी दिए । खडक नगरपालिकाका सव इन्जिनियर विश्वप्रताप झाले स्थानीयले लगाएको आरोपमा सत्यता नरहेको बताए । उनले उपभोक्त समिति र सेटिङ ठेकेदार बीच लेनदेनमा विवाद भएपछि समय नपुग्दै सेटिङ खोलिएकोले मन्दिर भत्किएको बताए।

खडक नगरपालिकामा प्रमुख जय प्रकाश चौधरीले कमजोर कार्य गर्ने उपभोक्ता समितिको धरौटी रकम रोक्का गरी पुनः निर्माण गर्न लगाएको जानकारी दिए । खडक नगरपालिकाले मन्दिर उपभोक्ता समितिलाई असार २४ गते भुक्तानी दिएका थिए।

## बालबालिकाको पहुँच सुनिश्चित

**टुडे समाचारदाता**

मलंगवा। ईश्वरपुर नगरपालिका-४ लाई जिल्लाकै पहिलो बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको वडा घोषणा गरिएको छ। उक्त वडाको सागरनाथका चारदेखि १२ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकालाई अनिवार्य शिक्षामा सहभागी गराइएपछि वडालाई जिल्ला कै पहिलो बालबालिकाको सतप्रतिशत शिक्षामा पहुँच सुनिश्चित भएको वडा घोषणा गरिएको हो। वडा कार्यालयको आयोजना तथा ग्रामीण नारी उत्थान सङ्घ र सेभ द चिल्ड्रेनको सहयोगमा 'वडाका सबै बालबालिकालाई विद्यालय पठाऔं, शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौं।' भन्ने नारासहित अभियान सञ्चालन गरेर उक्त वडालाई बालबालिका सतप्रतिशत शिक्षामा पहुँच सुनिश्चितता भएको वडा घोषणा गरिएको ग्रामीण नारी उत्थान सङ्घकी अध्यक्ष गोमादेवी न्यौपानेले बताए।

नगरपालिका र वडा कार्यालयको विशेष सहयोगमा चारदेखि १२ वर्ष उमेर समूहका वडाका ५५३ बालबालिकालाई विद्यालय पठाउन सफल भएको अध्यक्ष न्यौपानेले जानकारी दिए। गाउँघरमा रहेका बालबालिकालाई विद्यालयसम्म कसरी पुऱ्याउन सकिन्छ, के कारणले बालबालिका विद्यालय जान सकिरहेका छैनन् र शिक्षित गाउँ कसरी घोषणा गर्न सकिन्छ भन्ने विषयमा मूल्याङ्कन गरी निरन्तर काम गर्ने नगरप्रमुख मनोजकुमार आचार्यले बताए। उनले नेपाल सरकारले ल्याएको आधारभूत शिक्षा अनिवार्य नीतिलाई नगरले कडाइका साथ लागू गर्ने जानकारी दिए।

जिल्लाका २० स्थानीय निकायका २०० वडामध्ये सबैभन्दा पहिला ईश्वरपुर नगरपालिका-४ लाई बालबालिकाको अनिवार्य शिक्षामा पहुँच सुनिश्चित वडा घोषणा गरिएको उक्त नगरपालिका शिक्षा शाखा प्रमुख हरिप्रसाद दाहालले बताए।

# ४ सय भन्दा बढीलाई निःशुल्क सेवा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका ५ स्थित रहेको क्षीरेश्वरनाथ सर्पदंश अस्पतालको अध्यक्षमा राजकिशोर राउत चयन भएका छन्।

सर्पदंश उपचार केन्द्र संचालन तथा व्यवस्थापन समिति क्षीरेश्वरनाथ नगरपालिका ५ को दोश्रो साधारण सभाबाट आगामी तीन वर्षका लागि ७ सदस्यीय समिति चयन गरेको छ। शुक्रबार सम्पन्न साधारण सभाबाट अस्पतालको उपाध्यक्षमा नवल किशोर यादव, सचिवमा मोद कुमार महतो तथा सदस्यहरुमा मनोज कुमार झा, अनु कुमारी साह, विजय यादव र माधवी आले चयन भएका छन्।

साधारण सभामा क्षीरेश्वरनाथ नगरपालिकाको पूर्व मेयर योगेन्द्र पजियार, क्षीरेश्वरनाथ नगरपालिकाका वडाध्यक्षहरु देबु यादव, अमर किशोर सिंह, मोद कुमार महतो, कार्यपालिका सदस्य दिपक कुमार साह, क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादव, कोषाध्यक्ष विनय कुमार साह, नेपाली सेनाका मेजर श्याम बि.क. लगायतको उपस्थिती रहेको थियो।

नवनिर्वाचित समितिलाई क्षीरेश्वरनाथ नगरपालिकाका पूर्व मेयर योगेन्द्र पजियारले सफल कार्यकालको शुभकामना दिएका



थिए।

पूर्व नगर प्रमुख पजियारकै कार्यकालमा क्षीरेश्वरनाथ नगरपालिका र युएनडिपीको करिब सबा २ करोडको सहयोग लागतमा स्थापनमा भएको २२ शैय्याको सो सर्पदंश उपचार केन्द्रलाई मधेशकै उत्कृष्ट अस्पताल बनाउने अभियानमा सबैको साथ र सहयोग रहनुपर्नेमा जोड दिए । प्रदेशका ८ वटा जिल्ला मध्ये धनुषा, महोत्तरी सर्लाहीका बर्षेनी सयौंको संख्यामा सर्पले टोकेका विरामीले निःशुल्क सेवा लिने गरेको हुँदा यस अस्पतालमा मधेश प्रदेश सरकारको भरपुर लगानीको आवश्यकता रहेको बताए।

त्यसैगरी अस्पतालका लागि चयन भएका अध्यक्ष राउतले हालसम्म सर्पले टोकेको विरामीको उपचारमा क्षीरेश्वरनाथ सर्पदंश उपचार केन्द्रले शतप्रतिशत सफलता पाएको बताए । उनले सर्पको टोकाईबाट कम र टोकाईपछि डरले सर्प टोकाईबाट ५० प्रतिशत बिरामीको मुत्यु हुने गरेको हुँदा सो सम्बन्धी जनचेतना फैलाउने कार्यको तीब्रता दिने बताए। यस भेगमा किसानी पेशमा धेरैजसो व्यक्तिहरु संलग्न रहेकोले सर्पदंश सम्बन्धी जनचेतना फैलाउनु नितान्त आवश्यक रहेको अध्यक्ष राउतले बताए।

अध्यक्ष राउतले हालसालै बर्दिबासको सर्पदंश अस्पतालमा भेन्टिलेटरको अभावमा एक जना सर्पदंशका विरामीको मृत्यु भएको उदाहरण सुनाउँदै अस्पतालमा सधन उपचारको लागि भेन्टिलेटरको व्यवस्था गर्ने पहिलो प्राथमिकता रहेको बताए।

नेपाली सेनाका प्रत्यक्ष चिकित्सक टोलीको प्राविधिक सहयोगमा २०७७ मंसिर २६ गतेदेखि मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतबाट उद्घाटन भई संचालनमा आएको अस्पतालबाट हालसम्म ४ सय ६१ जनाले निःशुल्क सेवा पाएको उनले जनाए।

मानिसको जीवन अमूल्य हुन्छ त्यसैले पनि कसैको जीवन रक्षा गर्नु अध्यक्षको नाताले मेरो दायित्व रहेको हुँदा अस्पताल संचालन गर्न हरेक थोक व्यवस्थाका निम्ती स्थानीय, प्रदेश र केन्द्र सरकारसँग निरन्तर सहयोगको लागि दौडधुप गर्ने बताए।

चयन भएको कार्यसमितिको आगामी पहिलो बैठकबाट पदभार ग्रहण गरी अस्पतालको काम कारवाहीलाई तीब्र पार्ने प्रतिबद्धता उनले जनाए।

अस्पतालमा नेपाली सेनाको तालिम प्राप्त चिकित्सकको प्राविधिक टोलीसहित २ जना कर्मचारी अस्पतालमा कार्यरत रहेका छन्।

क्षीरेश्वरनाथ नगरपालिकाको आर्थिक सहयोगबाट अस्पताल संचालन हुँदै आएको अस्पतालका प्रमुख बसन्त यादवले जनाए । त्यस्तै अस्पतालमा मधेश प्रदेश सरकारबाट समेत औषधि सहयोग हुँदै उनले जनाए।

# एक सय ४१ लागूऔषध कारोबारी नियन्त्रणमा

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लामा एक वर्षको अवधिमा लागूऔषध कारोबार तथा प्रयोग गर्ने कसूरमा १ सय ४१ जना पक्राउ परेका छन् । उक्त कर्यमा संलग्न ४ जना अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा जिल्लाका विभिन्न स्थानबाट प्रतिबन्धित लागूऔषध सहित १ सय ४१ जना पक्राउ परेका छन् । पक्राउ परेकाहरुको साथबाट सो अवधिमा ६ हजार २ सय ५७ नइट्रोभेट, ६ सय ६३ नाइट्रोसन र १२ नाइट्राजेपान ट्यावलेट बरामद गरिएको छ।




यस्तै फेराएगन एम्पुल १ हजार २ सय २९, नोफिन ७ सय ८८, डाइजिल्याब २ सय १४ एम्पुल, डाइजेपाम १ हजार २ सय ९४ एम्पुल, प्रोमोथाइजिन ९६, डाइलेक्सडिसी ४ सय १६ बोतल, स्पास्मोप्रोसमिटन १ हजार २ सय ७ र लिजेसिक एम्पुल ४ सय २ थान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए। सोही अवधिमा प्रहरीले २ सय ४० ग्राम ब्राउन सुगर समेत बरामद गरेको छ।

आर्थिक वर्ष २०७७/०७८ मा भने लागूऔषध कारोबार तथा सेवन तर्फ १ सय ५३ जनालाई पक्राउ गरिएको छ । एकातिर नेपाल-भारत खुला सीमाना र अर्को तिर उचित शिक्षा र अभिभावकको निगरानीको अभावले लागूऔषधको कुलतमा युवाहरु फसेको प्रहरीको भनाई छ।

लागूऔषधको कारोबार र कुलतमा अधिकांश युवाहरु नै संलग्न रहेको पाइएकोले सीमा नाका क्षेत्रमा निगरानी बढाइनुका साथै सचेतनाका विभिन्न कार्यक्रम अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# १७ सदस्यीय समिति चयन



**टुडे समाचारदाता**

जनकपुरधाम । लक्ष्मीनिया गाउँपालिकामा १७ सदस्यीय समाजवादी विद्यार्थी युनियन गठन गरिएको छ। जनता समाजवादी पार्टी आवद्ध विद्यार्थीहरुको छाता संगठन समाजवादी विद्यार्थी युनियनका धनुषा जिल्ला अध्यक्ष सुनिलकुमार मण्डलको अध्यक्षता तथा जसपा नेपालका लक्ष्मीनिया नगर अध्यक्ष लालबाबु यादवको प्रमुख आतिथ्यमा सम्पन्न बैठकवाट ललित यादवको नेतृत्वमा सो समिति गठन गरिएको छ।

नवगठित सो समितिको उपाध्यक्षमा स्वजीवन यादव, सचिवमा दिपेन्द्र दास, सहसचिवमा मिथलेश मण्डल, कोषाध्यक्षमा श्याम राउत र सदस्यहरुमा चन्द्रमोहन यादव, सन्तोष यादव, अमित कु. मण्डल, रवि यादव, बैजु यादव, अशोक यादव, विमल यादव, राकेश महतो, रवित यादव, रचित कुमार मण्डल, विनय कुमार दास, अमितकुमार मंण्डल सहित विद्यार्थीहरुको उपस्थितमा सर्वसम्मतवाट चयन भएको जनाइएको छ।

# मुख्यमन्त्री र मन्त्रीलाई बर्खास्त गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) निकट विद्यार्थी संगठनले मुख्यमन्त्री लाल बाबु राउतसहित मन्त्रीहरुलाई बर्खास्त गर्न माग गरेका छन् । शुक्रबार प्रदेश प्रमुख हरि शंकर मिश्रलाई ज्ञापनपत्र बुझाएर सो माग गरिएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान अयोगले गएको बुधबार मुख्यमन्त्री राउतको नाममा रहेको 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रम अन्तर्गतको साइकल वितरणमा भ्रष्टाचार भएको ठहर गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ । मुख्यन्त्रीकै इशारामा कर्मचारीहरुले भ्रष्टाचार गरेको हुनाले नैतिकताको आधारमा राजिनामा दिनुपर्ने तर त्यसो नभएको लोकतान्त्रिक विद्यार्थी संघका मधेश प्रदेश अध्यक्ष



मिथलेश यादवसहितको युवाहरुले बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

मुख्यमन्त्री र मन्त्रीहरुले स्वयम राजिनामा नदिएको हुनाले उनीहरुलाई बर्खास्त गर्नुपर्ने विद्यार्थी संघको माग छ। वर्तमान सरकारको नेतृत्व र मन्त्रीहरु भ्रष्ट रहेको र तत्काल बर्खास्त नभए देश श्रीलकाको स्थितिमा पुग्न सक्ने चिन्ता व्यक्त गर्दै विज्ञप्तिमा उल्लेख छ, 'तसर्थ अख्तियारले ठहर गरिसकेका मुख्यमन्त्री, मन्त्री र कर्मचारीहरुलाई तुरुन्त बर्खास्त गरी प्रदेशको गरिमा जोगाउन प्रदेश प्रमुख सामु माग गर्दछौं । अन्यथा जन भावना विपरीत गई प्रदेशको गरिमामाथि ठेस पुग्ने कार्य भएमा रक्षाको लागि हामी बाध्य भएर आन्दोलन गर्ने छौं।'

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८